# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## पथरीशनिश्चरे नगरपालिका
## मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


### प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १

पत्र संख्याः २०७८।७९
च.नं. ४५७ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
पथरीशनिश्चरे नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
मोरङ ।

**कैफियतसहितको राय**

हामीले पथरीशनिश्चरे नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सबै कारोबार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू. १५ करोड ४२ लाख ९७ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. ४ लाख २९ हजार फस्योंट भई बाँकी बेरुजू रु १५ करोड ३८ लाख ६७ हजार रहेकोमा असुल गर्नुपर्ने रू. ५२ लाख ८८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ४० लाख ६८ हजार, नियमित गर्नुपर्ने रू. ७ करोड ७ लाख ४० हजार र पेश्की रू. ३७ लाख ७१ हजार रहेको छ ।पालिकाको गतवर्ष रु. ९ करोड ९२ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. २५ करोड ३० लाख ९३ हजार रहेको छ ।पथरीशनिश्चरे नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्‌म प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

पथरीशनिश्चरे नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५७ | १२७ | १५४२९७ | ० | ३ | ४२९ | ५७ | १२४ | १५३८६७ | ५२८८ | ७०७४० | ७४०६८ | ० | ० | १४४८०८ | ३७७१ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कूल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मोरङ | ९९२२६ | ० | ० | ९९२२६ | ० | १५३८६७ | २५३०९३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : पथरी शनिश्चरे नगरपालिका, मोरङ , पथरी शनिस्चरे नगरपालिका , मोरङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Laxmi Prasad Kharel | २०७८-१-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Ambika Prasad Dhamala | २०७८-४-१ | २०७७-१२-१८ |
| लेखा प्रमुख | Pitamber Wasti | २०७८-२-३१ | |
| लेखा प्रमुख | Shanta Bahadur Thapa | २०७७-३-१ | २०७८-२-३१ |
| | | **बेरुजु रकम** | १५४,२९६,६५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,१३,१३,७३६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५१,४५,६६,००० | चालु खर्च | ३७,११,२१,४६१ |
| प्रदेश सरकारबाट अनुदान | २,२७,५६,००० | पूँजीगत खर्च | २३,६९,९९,४३६ |
| राजश्व बाँडफाँट | १२,८३,१७,१३८ | वित्तीय/अन्य व्यवस्था | २२,३३,५०,८७९ |
| आन्तरिक आय | २,६०,९५,३२८ | | |
| अन्य आय | २३,२९,७६,९६२ | | |
| कुल आय | ९२,४७,११,४२८ | कुल खर्च | ८३,१४,७१,७७६ |
| बाँकी मौज्दात | | २०,४५,५३,३८९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>लेखापरीक्षण<br>लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोबारसंग सम्बन्धित निकायबाट प्राप्त जानकारी अुनसार तयार गरी स्वीकृत भएको लेखापरीक्षण योजना २०७८, इकाईगत लेखापरीक्षण योजना २०७८, लेखापरीक्षण ऐन, २०७५ को दफा ४ मा, जोखिम विश्लेषण, नमुना छनौट र लिखित प्रतिनिधित्वपत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शन, निर्देशन एवं व्यवसायिक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुली र दाखिलाको जोडजम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भएसम्मका श्रेश्ताको परीक्षणबाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। छलफल गरी कायम भएका व्यहोरा निम्नानुसार छन्।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>परिचय<br>परिचय–स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पथरीशनिश्चरे नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पथरीशनिश्चरे नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, ७९.८१वर्ग किलोमिटर क्षेत्रफल तथा करिब ८० हजार जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>प्राप्ति भुक्तानी हिसाब<br>
<table>
<tr><th colspan="9">प्राप्ती भुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="4">यस वर्ष रु.</th><th colspan="3">गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/सोझै भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/ भुक्तानी</th><th>वस्तुगत/ सोझै भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>७२३६८२३४०.२३</td><td>713933868.3</td><td>२१०७७७५६१.</td><td>924711429.3</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>696801966.9</td><td></td><td>696801966.9</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६९९५५९७१०. | | ०. | | | | | | |
| | | | | ११००० कर | ११. | १३८५४७७१०. | १४००३२२९०.९९ | ०. | १४००३२२९०.९९ | | | | | |
| | | | | १३००० अनुदान | | ५४४८२२०००. | 542322000 | ०. | ५३८९८८०००. | | | | | |
| | | | | संघीय सरकार | १२. | ५१५०६६०००. | ५१४५६६०००. | ०. | ५१४५६६०००. | | | | | |
| | | | | प्रदेश सरकार | १२. | १९७५६०००. | २२७५६०००. | ०. | २२७५६०००. | | | | | |
| | | | | अन्तरिक श्रोत | | १००००००००. | ५००००००. | ०. | ५००००००. | | | | | |
| | | | | १४००० अन्य राजस्व | | १६०४००००. | १४३८०१७५.८८ | ०. | १४३८०१७५.८८ | | | | | |
| | | | | १५००० विविध प्राप्ति | | १५००००. | ६७५००. | ०. | ६७५००. | | | | | |
| | | | | ख. अन्य प्राप्ति | | २४१२२६३०.२३ | १७१३१९०१.४५ | २१०७७७५६१. | २२७९०९४६२.४५ | | | | | |
| | | | | वितरण गर्न | | ०. | ८६९५१४.९१ | ०. | ८६९५१४.९१ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बाकी राजस्व | | | | | | | | | | |
| | | | | कोषहरु | | २४१२२६३०.२३ | ७६१७१५५.२३ | ०. | ७६१७१५५.२३ | | | | | |
| | | | | धरौटी | | ०. | | ०. | ८६४५२३१.३१ | | | | | |
| | | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०. | ०. | २१०७७७५६१. | २१०७७७५६१. | | | | | |
| | | | | भुक्तानी (ग+घ) | | ८२६४४५००२.८७ | ६२०६९४२१५.७६ | २१०७७७५६१. | ८३१४७१७७६.७६ | | | | | |
| | | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८०२३२२३७२.६४ | ६०८१२०८९७.०७ | | ६०८१२०८९७.०७ | | | | | |
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८. | २१४०१४५००. | २०२४१०१५७.७२ | ०. | २०२४१०१५७.७२ | | | | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८. | १९३०२०४६२. | १४२५२६१९१.७९ | ०. | १४२५२६१९१.७९ | | | | | |
| | | | | २५००० | १८. | २४८७२०००. | १५२६९१५७. | ०. | १५२६९१५७. | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सहायता (Subsidy) | | | | | | | | | | |
| | | | | २६००० अनुदान | १८. | ५८५००००. | ५८४९९००. | ०. | ५८४९९००. | | | | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८. | ४९३५०००. | ३०५९३२६. | ०. | ३०५९३२६. | | | | | |
| | | | | २८००० अन्य खर्च | १८. | २५०००००. | २००६७२८. | ०. | २००६७२८. | | | | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८. | ३५७१३०४१०.६४ | २३६९९९४३६.५६ | ०. | २३६९९९४३६.५६ | | | | | |
| | | | | ३२००० वित्तीय सम्पत्ति | १८. | ०. | ०. | ०. | ०. | | | | | |
| | | | | घ. अन्य भूक्तानी | | २४१२२६३०.२३ | १२५७३३१८.६९ | २१०७७७५६१. | २२३३५०८७९.६९ | | | | | |
| | | | | कोषहरु | | २४१२२६३०.२३ | ५९६८०४६. | ०. | ५९६८०४६. | | | | | |
| | | | | धरौटी | | ०. | ६६२८५५५.६९ | ०. | ६६२८५५५.६९ | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०. | ०. | २१०७७७५६१. | २१०७७७५६१. | | | | |
| | | | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -२३२८३. | | -२३२८३. | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -१०२७६२६६२.६४ | 93239652.56 | ०. | 93239652.56 | | | | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १११३१३७३६.५ | | १११३१३७३६.५ | | | | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | २०४५५३३८९.०६ | | २०४५५३३८९.०६ | | | | |
| | | | संघीय अनुदान फिर्ता गर्न बाँकी | | | | | ५२४५५८३३. | | | | |
| | | | प्रदेश अनुदान | | | | | ९०४६३८. | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फिर्ता गर्न बाँकी | | | | | | | | | |
| | | | स्थानीय संचित कोष बाँकी | | | | | 135952776.4 | | | | |
| | | | धरौटी मौज्दात | | | | | १३५६७७४९.४८ | | | | |
| | | | कोषहरु | | | | | १६७२३९२.२३ | | | | |
| | | | बैंक तथा नगद बाकी | २४ | | | | २०४५५३३८९.०६ | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तीय विवरण**<br>**वित्तीय विवरण**–स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• सुत्रको प्राप्ति तथा भुक्तानी (म.ले.प.फा.नं. २७२) प्रतिवेदन अनुसारको बार्षिक कारोबार रकममा अन्तर सरकारी वित्तीय हस्तान्तरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, एकीकृत स्वास्थ्य पूर्वाधार र गरिबसंग बिशेश्वर कार्यक्रम शीर्षकको CGAS बाट सोझै भुक्तानी भएको रकम रु. २१०७७७५६१ समेत फा.नं. २७२ को संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम शीर्षकमा थप गरी एकिकृत आय व्ययको विवरण तयार गरि प्रतिवेदन जारी गरिएको छ । | २३,२८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकामा यस वर्ष रु. 924711429.32 आय भएकोमा २०७८ असार मसान्त सम्म रु.831471776.76 खर्च भई रु. 93239652.56 मौज्दात रहेको छ। गत वर्षको मौज्दात रु १११३१३७३६.५ समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोषहरुमा रु. 204553389.06 मौज्दात रहेको देखियो ।<br>• NEPSAS basedढाँचाको प्रतिवेदनबाट बार्षिक रुपमा संचालित कार्यक्रमहरुको भौतिक प्रगति खुल्ने नदेखिएकोमा सो सम्बन्धि थप बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गरेको छैन ।<br>• पालिकाले कर्मचारी कल्याण कोष अन्तर्गतको आम्दानी तथा खर्चलाई सुत्रमा समावेश गरेको छैन । सबै आम्दानीलाई सुत्रमा समावेश गर्नुपर्नेमा समावेश गरेको देखिएन ।<br>• पालिकाले आ व ०७७।७८ का संघ तथा प्रदेश अन्तर्गतका खर्च भएर बाँकी रहेका विभिन्न अनुदान बापतको रकम रु ५३३६०४७१.५८ रकम मिति २०७८।६।१२ मा सम्बन्धित संचित कोषमा फिर्ता गरेको छ ।<br>• प्राप्ति भुक्तानी हिसाबको अनुसूचि १२ अनुसार प्रदेश सरकारबाट प्राप्त अनुदान रकम रु २२७५६००० देखिएकोमा पालिकाले राजश्व अनुदान प्राप्ति खातामा आम्दानी बाध्न छुटेको देखिएकोले प्राप्ति भुक्तानी हिसाबमा प्रदेश अनुदान रु १९४२२००० मात्र देखिएकोले सो कुरालाई समायोजन गरी प्राप्ति भुक्तानी हिसाब तयार गरिएको छ ।<br>• पालिकाको प्राप्ति भुक्तानी हिसाब अनुसार कर/दायित्व भुक्तानी गर्न बाँकी रु २३२८३ देखिएकोमा सो यकिन गरी दाखिला गरको प्रमाण पेश गर्नु पर्ने रु<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **जिम्मेवारी फरक परेको**<br>**जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१६७४८१६९५ मौज्दात कायम भएकोमा रु रु १११३१३७३६ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५६१६७९५८ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ५६,१६७,९५८ |
| ६ | | | **बैक हिसाब मिलान नगरेको**<br>**बैक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | |

| सि.नं. | खाताको नाम | खाता नं | खाता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|---|
| १ | ग १.१ आन्तरिक राजस्व खाता | २५६०१००३०१०१०००० | 776394.58 | ७२५०२९३.०३ | -6473898.45 |
| 2 | ग २.२ चालू खर्च खाता- जोर वर्ष | २५६०१००३०२०२०००० | १४८४६१६० | ६७७००४१४.०८ | -52854254.38 |
| 3 | ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | २५६०१००३०२०४०००० | १०८५०९८०२ | ९४८१७६१४.६६ | 13692187 |
| ४ | ग ३.१ स्थानीय तह धरौटी खाता | २५६०१००३०३०००००० | १३५६७७४९ | १३५८२५१३ | -14764 |
| 5 | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २५६०१००३०४०१०००० | १०९५०९०५ | १८३१५२८८. | -7364383.48 |
| 6 | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | २५६०१००३०६०१०००० | ८६९५१५ | ७००१०४.९४ | 169409.97 |
| ७ | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २५६०१००३०७०२०००० | १६७२३९२ | 2243673 | -571280.77 |
| 9 | बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | | ५३३६०४७२ | | 53360471.98 |
| | जम्मा | | २०४५५३३८९ | २०४६०९९००.७१ | -56512.13 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br>बजेट पेश, पारित र अख्तियारी- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्रीयमुना विष्ट बास्तोलाले २०७७।३।१० गते रु. ७५ करोड ३८ लाख १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यस वर्ष सभाबाट संसोधन सहित कायम बजेट रु ८० करोड २३ लाख २२ हजार रहको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।२१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च<br>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप अषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>प्रथम चौमासिक</td><td>दोश्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td colspan="3">जम्मा</td><td colspan="2">आषाढ महिना</td></tr>
<tr><td>खर्च</td><td>खर्च</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>खर्च(%)</td><td>खर्च</td><td>खर्च(%)</td></tr>
<tr><td>३९३७४१८३.३३</td><td>५४८८००१४.३३</td><td>१४२७४५२३८.९</td><td>३५७१३०४१०.६४</td><td>२३६९९९४३६.५६</td><td>६६.३६</td><td>९५२८५५६५.९</td><td>40.2</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>क्षेत्रगत बजेट तथा योजना</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.१ | | | **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र. सं. | विवरण | योजना संख्या | कार्यान्वियन भएका योजना | रकम (हजारमा) |
|---|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | 252 | २१७ | १३७६५ |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | 308 | २४३ | ६७१७५ |
| ३ | रु ५ लाख देखि २० लाख सम्मका योजना | ७४ | ६२ | ५९९८० |
| ४ | २० लाख एक देखि ५० लाख सम्मका योजना | ३० | १४ | ९६०८० |
| | जम्मा | 664 | 536 | २३७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.२ | | | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ७,०६,९२,४२३ | 52180896 | 8.580678 |
| सामाजिक विकास | ३१,९४,७०,०७९.६० | 264452119 | 43.4867672 |
| पूर्वाधार विकास | २६,८९,६७,५०८.१४ | 180151800.3 | 29.6243397 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,७७,९०,००० | 8022911 | 1.3192954 |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,५४,०२,३६१.९० | 103313170.8 | 16.9889197 |
| जम्मा | | 608120897.1 | 100 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br><br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74<br>(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br><br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br><br>· निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।<br><br>· पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br><br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br><br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। योजनागत कन्टिन्जेन्सी कट्टीको अभिलेख राखी कन्टिन्जेन्सी रकम सम्बन्धित योजनामा नै खर्च गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br><br>· पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br><br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>. पालिकाले प्रत्येक आर्थिक वर्षको लागि मौजुदा सूचि दर्ता गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार खरिद कार्य गर्नुपर्ने देखिन्छ ।<br>. विभिन्न उपभोक्ता संस्था मार्फत निर्माण तथा मर्मत कार्य गराउँदा खर्चको सार्वजनिकीकरण, अनुमोदन तथा सामाजिक लेखा परीक्षण, अनुगमन लगायतको सबै प्रकृया पुर्याएर मात्र भुक्तानी दिनुपर्ने देखिन्छ ।<br>. कार्यालयले रु १० लाखसम्मको भन्दा बढीको निर्माण कार्य गराउँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण व्यवसायी, निर्माण समग्री, मेसिन, प्लान्ट, कामदार लगायतको विमा गर्नु पर्नेमा आंशिक रुपमा मात्र पालना गरेको देखियो । नियमावलीको पालना हुनुपर्दछ ।<br>. कार्यालयले उपभोक्ता समिति मार्फत गरिने निर्माण तथा मर्मत कार्यको सम्झौतामा उल्लेखित अवधि भित्र सम्पन्न नहुदाँ नियमानुसार म्याद थप गर्ने गरेको देखिएन । सम्झौता गरी लागत अनुमान अनुसार कार्य सम्पन्न नगर्ने उपभोक्ता समितिलाई जिम्मेवार बनाउनेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।<br>. पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन ।अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।. | |
| ११ | | | **खर्च बिश्लेषण**<br>**खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु६९३४६७९६६ प्राप्त गरेकोमा राजस्व बाँडफाँडबाट रु १२९४२२०००, अनुदानबाट रु ५३३९८८००० र आन्तरिक श्रोतबाट रु ३११६२८२८ आम्दानी भएको छ ।यस वर्ष चालु तर्फ रु ३७११२१४६० र पूँजिगत तर्फ रु २३६९९९४३६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.१२ प्रतिशत मात्रै रहेको छ । यस बर्ष पदाधिकारी सबिधामा रु १००९९०६६ खर्च भएको छ जुन आन्तरिक आयको ३२.४० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०.५१ प्रतिशत चालु र ३४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १२.१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 291 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित संघबाट सहायोजन भइ आएका 37 जना, साविकको स्थानीय निकायमा कार्यरत 9 जना, लोकसेवा आयोगबाट पदपूर्ती भइ आएका 22 जना र आन्तरिक पदपूर्ती 99 जना गरी जम्मा 168 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका विषयगत अधिकृत, इन्जीनियर, सहायक र स्वास्थ्य कर्मचारी सहित 121 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १२.२ | | | **कर्मचारी करार**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले सुचना प्रविधि कर्मचारी, इन्जिनियर, सव इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर, फिल्ड सहायक, सुपरभाइजर, प्रशासन, कृषि, पशु, उद्यम विकास, सामाजिक परिचालक, ल्याब असिष्टेन्ट, सवारी चालक, हे.अ, नगर प्रहरी, अनमी, अहेव, मे.अ., फार्मेसी सहायक, रेडियोग्राफर, ल्याब टेक्निसियन र कार्यालय सहयोगी पदमा नगरपालिका कार्यालय तर्फ ७१ जना र स्वास्थ्य तर्फ ५४ गरी जम्मा १२५ जना कर्मचारीहरु करारमा राखी रु. २,४२,८७,९८८।२०खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सुचना प्रविधि कर्मचारी, इन्जिनियर, सव इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर, फिल्ड सहायक, सुपरभाइजर, प्रशासन, कृषि, पशु, उद्यम विकास, सामाजिक परिचालक, ल्याब असिष्टेन्ट, हे.अ, अनमी, अहेव, मे.अ., फार्मेसी सहायक, रेडियोग्राफर, ल्याब टेक्निसियन पदमा ५९ जना करार नियुक्ति गरी तलब भत्ता भुक्तानी गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.३ | | | **तलबी प्रतिवेदन पारित नगरेको-** निजामती सेवा ऐन, 2049 को दफा 7.ख. (2) बमोजिम तलब भुक्तानी गर्दा जिल्लास्थित निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र स्थानिय तहका कर्मचारिको हकमा सम्बन्धित कार्यालयको आन्तरिक लेखापरीक्षण शाखाले तलबी प्रतिबेदन पास नगराई तलब खुवाउन नहुने व्यवस्था रहेकोमा नगरपालिकले आर्थिक वर्ष 2077/78 को सातौँ नगर सभाको निर्णय नं 25 बाट नगरपालिका अन्तर्गत कार्यरत 8 जना कर्मचारीको मात्र आ.व 2077/78 को लागि तलबी प्रतिवेदन पारित गरी बाकी कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी नगरपालिका तर्फ रु.2,04,13,340।70 र स्वास्थ्य तर्फ रु. १,६०,८९,५२१।१० गरी जम्मा रु. ३,६५,०२,८६१।८० खर्च लेखेको छ। अतः तलबी प्रतिबेदन पास नगरी तलब खर्च लेख्दा दरबन्दी भन्दा बढी कर्मचारीको तलव खर्च र ग्रेड रकम भुक्तानी हुनसक्ने भएकोले ऐनको पालना गरी मात्र तलब भुक्तानी गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **सेवा प्रवाह**<br>**सेवा प्रवाह**– पालिकाले स्थानिय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युट मिटर सिफारिस, निःशुल्क सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाबाट प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ। | |

| क्र.सं | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| 1 | नागरिकता सिफारिस | 2587 | 2580 |
| 2 | घरबाटो सिफारिस | 2507 | 2503 |
| 3 | नाता प्रमाणित | 925 | 925 |
| 4 | जन्म, मृत्यु दर्ता, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ | 3259 | 3259 |
| 5 | चार किल्ला सिफारिस | 757 | 757 |
| 6 | अन्य | 10384 | 10384 |
| | जम्मा | 20419 | 20408 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १४.१ | | | **जिन्सी व्यवस्थापन**<br>1.स्थानिय सरकार संचालन ऐन, 2074 को दफा 97, 98 र 104 अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता 2075 असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सो बमोजिम गरेको देखिएन। | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 2.पालिकाले सम्पत्तिको संरक्षण र उपयोग नीति र मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ती ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्दछ। तर यस पालिकाले सो बमोजिम गरेको देखिएन।<br>**जिन्सी सामाग्री मर्मत, लिलाम र मिन्हा**– आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 45 अनुसार जिन्सी निरिक्षण प्रतिवेदनमा पुरानो भइ काममा आउन नसक्ने टुटफुट भइ बेकम्मा भएका र पुनः मर्मत नहुने भनी किटान भएका मालसामान मध्ये कार्यालय प्रमुखले लिलाम गर्नुपर्ने भनी ठहराएका मालसामानका वर्षभित्र लिलाम विक्रि गर्नु पर्नेछ भनी उल्लेख भएको छ।साथै सोही ऐनको दफा 46 मा प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबु बाहिरको परिस्थितिले गर्दा वा अन्य विभिन्न कार्णले गर्दा सरकारी हानी नोक्सानी हुन गएको वा कानुन बमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएको मालसामान र प्रविधि पुरानो भइ प्रयोगमा ल्याउन नसकिने र सुरक्षाको कारण प्रयोग गर्न उपयुक्त नहुने सामान तथा सफ्टवेयर प्राविधिक प्रतिवेदनका आधारमा तोकिए बमोजिम मिनाहा दिन सकिने व्यवस्था रहेकोमा कार्यालयले आ.व 2077/78 को जिन्सी निरीक्षण प्रतिवेदनमा निम्नानुसारका सामाग्रीहरु मर्मत, लिलाम विक्रि र मिन्हा गर्नुपर्ने भनी औल्याएपनि सो बमोजिम भएको नदेखिएकोले यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। | |

| जिन्सी संकेत नं | विवरण | जम्मा संख्या | मर्मत गर्नुपर्ने | लिलाम/बिक्री गर्नुपर्ने | मिन्हा गर्नुपर्ने | जम्मा मर्मत, लिलाम र मिन्हा गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| 6112211004 | डिजिटल क्यामेरा | 6 | 1 | - | - | 1 |
| 6112211009 | सिसिटिभि क्यामेरा | 1 | 1 | - | - | 1 |
| 6112211014 | डिसहोम सेट | 2 | 1 | - | - | 1 |
| 6112221061 | बिल प्रिन्ट मेसिन | 17 | - | 4 | - | 4 |
| 6112222001 | डेस्कटप कम्प्युटर | 75 | - | 8 | - | 8 |
| 6112222002 | ल्यापटप | 34 | - | 1 | - | 1 |
| 6112222003 | प्रिन्टर | 46 | - | 5 | 6 | 11 |
| 6112222005 | स्क्यानर | 2 | 1 | - | - | 1 |
| 6112222009 | | 3 | 1 | - | - | 1 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मोनिटर | | | | | | | |
| | | | | 6112223002 | सिलिङ पंखा | 32 | 7 | 5 | - | 12 | | |
| | | | | 6112223003 | टेबुल पंखा | 3 | - | 3 | - | 3 | | |
| | | | | 6112223004 | जेनेरेटर | 1 | 1 | - | - | 1 | | |
| | | | | 6112223009 | यु पि एच | 24 | 8 | 7 | - | 15 | | |
| | | | | 6112223010 | व्याट्री | 48 | 10 | 6 | - | 16 | | |
| | | | | 6112223015 | वाल पंखा | 15 | 3 | 2 | - | 5 | | |
| | | | | 6112223021 | स्टेबिलाइजेर | 5 | 2 | - | - | 2 | | |
| | | | | 6112223055 | स्टेन्ड पंखा | 16 | 2 | 4 | - | 6 | | |
| | | | | 6112223056 | पेपर स्याडर | 4 | - | - | 4 | 4 | | |
| | | | | 6112224006 | मोबाइल | 9 | - | - | 3 | 3 | | |
| | | | | 6112233099 | ट्रिपड | 14 | 4 | - | - | 4 | | |
| | | | | 6112311009 | स्टिल दराज | 79 | 9 | - | - | 9 | | |
| | | | | 6112311010 | एजुकेटिभ टेबल | 94 | 9 | 5 | - | 14 | | |
| | | | | 6112311013 | टि टेबल | 24 | - | 5 | - | 5 | | |
| | | | | 6112311047 | | 24 | - | 5 | 4 | 9 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | भिजिटर टुल | | | | | | |
| | | | | 6112311050 | थ्रि सिटर | 37 | - | 4 | - | 4 | |
| | | | | 6112231261 | नाइट्रोजन सिलिण्डर | 3 | 1 | - | - | 1 | |
| | | | | 6112211002 | टेलिफोन | 10 | - | - | 6 | 6 | |
| | | | | 6112223007 | फ्रिज | 7 | 1 | - | - | 1 | |
| | | | | 6112233014 | टोटल स्टेशन | 2 | 1 | - | - | 1 | |
| | | | | 6112311002 | कुर्ची | 195 | 18 | 12 | - | 30 | |
| | | | | 6112311011 | रिभल्भिङ्ग चियर | 104 | 5 | 5 | 10 | 20 | |
| | | | | | जम्मा | | | | | 200 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>जिन्सी सामाग्री - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, 2076 को दफा 28 मा नगद, जिन्सी दाखिला र लेखाको व्यवस्था गरेकोमा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनमा यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। यसरी कार्यालयको आर्थिक वर्ष 2076/77 मा मौज्दात रहेको र आर्थिक वर्ष 2077/78 मा खरिद गरेको निम्नानुसारका जिन्सी मालसामानहरुको जम्मा संख्या जति हुनु पर्ने हो आर्थिक वर्ष 2077/78 को जिन्सी निरीक्षण प्रतिवेदनमा सो भन्दा कम रहेकोले यस सम्बन्धमा सम्बन्धित कार्यालयले यकिन गर्नुपर्ने रु.<br>
<table>
<tr><th>जिन्सी सं.नं</th><th>सामान</th><th>2076/77 को मौज्दात</th><th>2077/78 को खरिद</th><th>जम्मा मौज्दात</th><th>2077/78 को जिन्सी निरीक्षण प्रतिवेदनमा रहेको संख्या</th><th>घटी संख्या</th><th>औषत मुल्य</th><th>जम्मा</th></tr>
<tr><td>6112311010</td><td>एजुकेटिभ टेबल</td><td>86</td><td>16</td><td>102</td><td>94</td><td>8</td><td>16161</td><td>129291</td></tr>
<tr><td>6112311050</td><td>थ्रि सिटर</td><td>36</td><td>13</td><td>49</td><td>37</td><td>12</td><td>15237</td><td>182844</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>312135</td></tr>
</table></td><td>३१२,१३५</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>राजस्व आन्तरिक नियन्त्रण</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>आ.ई.ई. प्रतिवेदन- प्रारम्भिक वातावरणीय अध्ययन कार्यविधि, २०७७ को बुँदा नं ९ मा प्रारम्भिक वातावरणीय अध्ययन स्वीकृत भएको मितिले ३ वर्षभित्र त्यस्तो प्रस्ताव कार्यान्वयन प्रारम्भ गर्नु पर्ने व्यहोरा उल्लेख छ ।पालिकाले नदिजन्य उत्खननको आ.ई.ई. प्रतिवेदन अनुसार डाँस खोलाबाट वार्षिक २३८०५९.२२ घन मिटर र सुनझोडा खोलाबाट ३३८६४.३५ घन मिटर गरी जम्मा २७१९२३.५७ घन मिटर उत्खननका लागि सिफारिस गरेको छ । तर पालिकाले उक्त परिमाणको नदिजन्य पदार्थ ठेक्का व्यवस्थापन गर्न नसकेको अवस्थामा यस वर्ष पनि डिजाईन एण्ड डेभलपर प्रा लि मार्फत डाँस खोलाको आ.ई.ई का लागि २४८६०० भुक्तानी गर्नु उचित देखिदैन । अत: उक्त रकम पालिकालाई बढी व्यय भार परेको रु</td><td>२४८,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.२ | | | **आन्तरिक आम्दानी तर्फः** नेपालको संविधान, २०७२ को धारा २३० बमोजिम नगरपालिकाले आर्थिक ऐन, २०७७ तयार गरी लागू गरेको भएतापनि सोहि अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।<br>· नगरपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, सहकारी, अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।<br>· मनोरञ्जन कर, अन्य कर, सरकारी सम्पत्तिको विक्री बापत प्राप्त कर, अन्य विक्रीबाट प्राप्त कर, शिक्षा क्षेत्रको आम्दानी, रेडियो एफ एम सञ्चालन दस्तुर वापत कुनैपनि रकम असुल गरेको पाइएन ।<br>· ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन ।<br>यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अद्यावधिक गरी उठाउनु पर्नेमा उठाएको छैन । | |
| १५.३ | | | **दहत्तर बहत्तर कर असुली** – प्रदेश नं १ को प्रदेश आर्थिक ऐन, २०७७ को दफा ९ मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ५ मा तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ ।पालिकाले नदिजन्य उत्खननको आ.ई.ई. प्रतिवेदन अनुसार डाँस खोलाबाट वार्षिक २३८०५९.२२ घन मिटर र सुनझोडा खोलाबाट ३३८६४.३५ घन मिटर गरी जम्मा २७१९२३.५७ घन मिटर उत्खननका लागि सिफारिस गरेको छ ।उक्त परिमाणको नदिजन्य पदार्थ नगरपालिकाले ठेक्का व्यवस्थापन गर्दा न्यूनतम रु. ५,७५,६०,७८१ वार्षिक आम्दानी हुने आ.ई.ई. अध्ययनको प्रतिवदेनबाट देखिन्छ ।पालिकाले यस वर्ष नदिजन्य प्राकृतिक श्रोतको उत्खनन अमानत कार्यबाट रु. ८६९५१४ राजश्व संकलन गरेको छ । यसरी पालिकाले समयमै ठेक्का व्यवस्थापन नगर्दा राजस्व प्राप्तिमा कमि आएकोले समयमै ठेक्का व्यवस्थापन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.४ | | | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी कर लगायतका कर राजश्व तथा विभिन्न सेवा वापतको गैर कर राजश्व उठाउने व्यवस्था रहेको छ । बाँडफाँड भई प्राप्त हुने आय बाहेक पालिका आफैले उठाउने आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| विवरण | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| कर राजश्व | ८८१०००० | ११७१५११५२ | १३२.९७ |
| गैर कर राजश्व | १६०४०००० | १४३८०१७५ | ८९.६५ |
| जम्मा | २४८५०००० | २६०९५३२७ | १११.३१ |

**विज्ञापन कर** - प्रदेश १ को आर्थिक ऐन, २०७७ को दफा ६ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागि राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लगाई असुल गर्ने उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शूल्क वापत रु. १२५९१९० र व्यवसाय कर वापत रु १३९७७१० संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.५ | | | **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन , २०७६ को दफा ४ मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५, १०८ नराखेको तथा दैनिक राजश्व असुलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५, १०८ लगायतका फारमहरु राखी राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| १६ | | | **कानुनी सल्लाहकार र सुचना संयोजक**<br>**कानुनी सल्लाहकार र सुचना संयोजक** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख गरेकोमा कार्यालयले उक्त ऐनमा भएको व्यवस्था भन्दा फरक पदमा निम्नानुसारका कर्मचारी नियुक्ति गरेको कारण नियमसम्मत नदेखिएको रु. | ५४०,००० |

| क्र.सं | कर्मचारीको नाम पद | मासिक तलब | जम्मा रु. |
|---|---|---|---|
| 1 | कानुनी सल्लाहकार दिपक कुमार राई | रु.20000। चाडपर्व र पोशाक भत्ता समेत | 270000 |
| 2 | सुचना संयोजक भुपेन्द्र तिम्सिना | रु.20000। चाडपर्व र पोशाक भत्ता समेत | 270000 |
| | जम्मा | | 540000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **विविध खर्च**<br>**विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष समानिकरण र राजश्व वाँडफाँड तर्फको विविध शिर्षकबाट मात्र रु. 21,27,909।39 खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **आर्थिक सहायता** | ७८४,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले अनुदान तथा आर्थिक सहायता कार्यविधि, 2074 बनाई दिर्घरोगीलाई एक पटकमा समितिको निर्णय गरी कागजातको आधारमा रु.15000।, अन्य औषधी उपचार, विपद, कार्यक्रमका लागि सहयोग, 70 वर्ष माथीका नागरिकलाई एम्बुलेन्स भाडा वापत आर्थिक सहायता, काजक्रियावापत सहयोग, आर्थिक अवस्था कमजोर भएकालाई सहयोग लगायत विषयमा रु.25,000। सम्म नगरप्रमुखको तोकादेशमा अन्य सामाजिक सुरक्षा शिर्षकबाट जम्मा रु.40,00,000। बजेट छुट्याइ रु.21,24,326। खर्च गरेको देखियो।<br><br>साथै पालिका स्तरमा अनुदान तथा आर्थिक सहायता कार्यविधि, 2074 बनाइ पालिका भित्रका व्यक्ति तथा संघसंस्थालाई अन्य सामाजिक सुरक्षा शिर्षकबाट वडाको सिफारिस र कागजातका आधारमा आर्थिक सहायता वापत भुक्तानी गरिसकेपश्चात पनि वडाको वजेट सिलिङबाट छुट्याइएको कार्यालय संचालन खर्चबाट वडाध्यक्षको तोकादेश र कागजातको आधारमा वडाले रु.15,000। सम्म आर्थिक सहायता वापत निम्नानुसार भुक्तानी गरेको रकम नियमानुसार नदेखिएको रु. | |

| वडा नं | विवरण | वडागत कार्यालय संचालन खर्च वार्षिक | आर्थिक सहायता वापत भुक्तानी भएको रकम वार्षिक | वार्षिक कार्यालय संचालन खर्चमा आर्थिक सहायता प्रतिशत |
|---|---|---|---|---|
| वडा नं 1 | आर्थिक सहयोग वापत | 600000 | 14000 | 2.33% |
| वडा नं 2 | आर्थिक सहयोग वापत | 500000 | 55500 | 11.10% |
| वडा नं 3 | आर्थिक सहयोग वापत | 600000 | 77000 | 12.83% |
| वडा नं 4 | आर्थिक सहयोग वापत | 599900 | 112300 | 18.71% |
| वडा नं | आर्थिक सहयोग | 600000 | 99800 | 16.63% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 5 | वापत | | | |
| वडा नं 6 | आर्थिक सहयोग वापत | 600000 | 116000 | 19.33% |
| वडा नं 7 | आर्थिक सहयोग वापत | 600000 | 100000 | 16.66% |
| वडा नं 8 | आर्थिक सहयोग वापत | 600000 | 97600 | 16.26% |
| वडा नं 9 | आर्थिक सहयोग वापत | 600000 | 60500 | 10.08% |
| वडा नं 10 | आर्थिक सहयोग वापत | 550000 | 51500 | 9.36% |
| | जम्मा | | 784200 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **शिक्षातर्फ** | |
| १९.१ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता**– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण पूँजिगत अनुदानबाट निम्नानुसार गोश्वारा भौचरबाट रु. 74,05,699। तलब भत्ता भुक्तानी गरेको पाईयो । | |

| गो.भौ.नं/मिति | कार्यक्रमको विवरण | अनुदान रकम |
|---|---|---|
| | | 201867 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | 404-78/2/11 पूँजिगत | मातृभाषा शिक्षण सहयोग अनुदान 3 वटा विद्यालय | | | |
| | | | | 180-77/9/22 पूँजिगत | विद्यालय कर्मचारी र स.का. कर्मचारी दोश्रो थप न.पाबाट | 599916 | | |
| | | | | 353-78/1/30 पूँजिगत | बाल विकास केन्द्रका स.का. र विद्यालय कर्मचारीहरुको तलब न.पा. थप | 612000 | | |
| | | | | 66-77/7/5 पूँजिगत | बाल कल्याण मा.विलाई कर्मचारी र स.काको थप | 32000 | | |
| | | | | 55-77/6/30 पूँजिगत | विद्यालय कर्मचारी र स.का.हरुको थप तलब भत्ता | 763916 | | |
| | | | | 441-78/2/17 पूँजिगत | पथरी बहुमुखी क्याम्पस शिक्षण सहयोग अनुदान | 600000 | | |
| | | | | 50-77/6/26 पूँजिगत | बुद्ध मा.वि वडा नं 8 को बजेट शिर्षकबाट | 100000 | | |
| | | | | 681-78/3/16 पूँजिगत | विद्यालय कर्मचारी र स.काको पारिश्रमिक | 936000 | | |
| | | | | 186-77/9/23 पूँजिगत | बुद्ध मा.वि वडा नं 8 को बजेटबाट | 200000 | | |
| | | | | 196-77/9/29 पूँजिगत | शैक्षिक सुधार कार्यक्रम अन्तरगत वडागत विद्यालयहरुको लागि निकासा | 1610000 | | |
| | | | | 407-78/2/11 पूँजिगत | विविध शिर्षकमा विद्यालय अनुदान | 1750000 | | |
| | | | | | जम्मा | 7405699 | | |
| १९.२ | | | **दरबन्दी मिलानः**शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा२० मा कुनै खास स्थानीय तहले आफ्नो क्षेत्र भित्रका बिद्यालयहरुको आवश्यकता अनुसार दरबन्दी मिलान तथा पुन वितरण गर्न पाउने व्यवस्था छ । साथै शिक्षा ऐन, २०२८ को दफा १५ अनुसार दुई वा दुईभन्दा बढी बिद्यालयलाई गाभी एउटा बिद्यालय कायम गर्न अनुमति तथा स्वीकृती दिन सक्नेछ । यस पालिकाको बिद्यालयहरुमा बिद्यार्थि संख्याको तुलनामा शिक्षक दरबन्दी तथा पदपुर्ति | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

भएको अभिलेख पेश नभएकोले ऐन तथा कार्यविधिको पालना हुनपर्दछ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गर्नु पर्ने, अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन तयार गर्नुपर्ने र विद्यार्थी शिक्षक अनुपात उपयुक्त बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।

| क्र.सं | विद्यालयको नाम, ठेगाना | शिक्षक दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्ये करार | शिक्षक सहयोग अनुदान | जम्मा विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|
| 1 | पञ्चायत मा.वि | 39 | 39 | 8 | 0 | 2496 | 64 |
| 2 | बुद्ध मा.वि | 21 | 21 | 4 | 0 | 810 | 38.571 |
| 3 | सिंहवाहिनी मा.वि | 16 | 16 | 3 | 0 | 485 | 30.313 |
| 4 | जनता मा.वि | 21 | 21 | 4 | 0 | 958 | 45.619 |
| 5 | अमरसिंह मा.वि | 20 | 20 | 3 | 0 | 645 | 32.25 |
| 6 | भागीरथ मा.वि | 19 | 19 | 6 | 0 | 711 | 37.421 |
| 7 | सुगाहाट मा.वि | 13 | 13 | 12 | 2 | 348 | 26.769 |
| 8 | बालकल्याण मा.वि | 11 | 11 | 6 | 2 | 275 | 25 |
| 9 | चन्द्रकिरातेश्वर मा.वि | 11 | 11 | 5 | 2 | 380 | 34.545 |
| 10 | दुर्गा मा.वि | 11 | 11 | 4 | 0 | 201 | 18.273 |
| 11 | सुनाखरी मा.वि | 11 | 11 | 5 | 2 | 240 | 21.818 |
| 12 | सरस्वती आ.वि(4) | 8 | 8 | 4 | 2 | 294 | 36.75 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 13 | जनकल्याण आ.वि | 8 | 8 | 3 | 0 | 207 | 25.875 | |
| | | | 14 | सिद्धार्थ आ.वि | 2 | 2 | 2 | 0 | 25 | 12.5 | |
| | | | 15 | सामाजिक आ.वि | 6 | 6 | 1 | 0 | 97 | 16.167 | |
| | | | 16 | जनता आधारभुत विद्यालय | 2 | 2 | 0 | 0 | 62 | 31 | |
| | | | 17 | सहिद रामलक्ष्मण आ.वि | 3 | 3 | 2 | 0 | 90 | 30 | |
| | | | 18 | रामजानकी आ.वि | 7 | 7 | 5 | 2 | 259 | 37 | |
| | | | 19 | शिक्षासदन आ.वि | 3 | 3 | 3 | 0 | 95 | 31.667 | |
| | | | 20 | दुर्गा आधारभुत विद्यालय(6) | 6 | 6 | 3 | 0 | 214 | 35.667 | |
| | | | 21 | मिलन आधारभुत विद्यालय | 2 | 2 | 1 | 0 | 64 | 32 | |
| | | | 22 | दुर्गा आधारभुत विद्यालय(8) | 8 | 8 | 1 | 2 | 225 | 28.125 | |
| | | | 23 | सरस्वती आ.वि (2) | 2 | 2 | 0 | 0 | 98 | 49 | |
| | | | 24 | आदर्श सीता आ.वि | 2 | 2 | 0 | 0 | 87 | 43.5 | |
| | | | 25 | सिरिजङ्गा आ.वि | 3 | 3 | 3 | 0 | 74 | 24.667 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>26</td><td>जालपा सिंहदेवी आ.वि</td><td>8</td><td>8</td><td>3</td><td>2</td><td>229</td><td>28.625</td></tr>
<tr><td>27</td><td>हिरक आधारभुत विद्यालय</td><td>8</td><td>8</td><td>3</td><td>0</td><td>204</td><td>25.5</td></tr>
<tr><td></td><td>जम्मा</td><td>271</td><td>271</td><td>94</td><td>16</td><td>9873</td><td>36.432</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१९.३</td><td></td><td></td><td>
कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ । नमूना छनोट गरी लेखापरीक्षण गर्दा देहायका योजनाहरुमा विभिन्न विद्यालयहरुलाई भवन निर्माणको लागि गएको अनुदान रकमको कार्यसम्पन्न प्रतिवेदन पेश हुनु पर्ने रु
<table>
<tr><th>योजनाको नाम</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>दुर्गा माध्यमिक विद्यालय भवन प्रवलीकरण</td><td>दुर्गा माध्यमिक विद्यालय व्यवस्थापन समिति</td><td>१४९२७४०</td></tr>
<tr><td>दुर्गा माध्यमिक विद्यालय भवन</td><td>दुर्गा माध्यमिक विद्यालय व्यवस्थापन समिति</td><td>५८५४१६</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२०७८१५६</td></tr>
</table>
</td><td>२,०७८,१५६</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
सूचना प्रविधी पद्धति
सूचना प्रविधी पद्धति- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सफ्टवेयर म्यानुअल नभएको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको,सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएकोले सूचना प्रविधी नियन्त्रण वातावरणको व्यवस्था मिलाउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>
सवारी साधन र मेसिनरी साधन
सवारी साधन र मेसिनरी साधन - सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले सवारी साधन र मेशिनरीको मर्मत अभिलेख खाता राखेको देखिदैन । म. ले. प. फाराम ९०५ बमोजिमको मर्मत अभिलेख खाता अद्यावधिक गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **बेरुजु लगत**<br>**बेरुजु लगत-** पालिकाले म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखेको देखिंदैन । कार्यालयसंग सम्बन्धित सो फारामहरुको अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| २३ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| २३.१ | | | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 8 वटा ऐन, 7वटा नियमावली, 31 वटाकार्यविधि, 6 वटा निर्देशिका लगायत 52 वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |
| २३.२ | | | **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 15 वटा र 2078 पुष सम्म थप भएको 89 गरी कुल 104 वटा विवाद दर्ता भएकोमा 95 वटा मात्र फछ्र्यौट भई 24 वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २४ | | | **गुणस्तर परीक्षण अवस्था**<br>**गुणस्तर परीक्षण अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्बन्धी कार्य स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन बमोजिम गराउनु पर्ने व्यववस्था छ । स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार कार्य पुरा गरे नगरेको सम्बन्धमा कामको सुपरिभिजन गर्न तोकिएको प्राविधिकबाट विल तयार गर्दा खपत गरिएको सामाग्री गुणस्तर परीक्षण समेत गराएर मात्र रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । अधिकांश निर्माण सामग्री तथा कामको गुणस्तर टेष्ट गराएको प्रमाण पेश नभएकोले गुणस्तर परीक्षण वेगर निर्माण कार्य गराई भुक्तानी गर्दा कार्यको जिम्मेवारी उपभोक्ता समिति वा निर्माण व्यवसायीको हुने नहुने समेत प्रष्ट देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **निजी क्षेत्रको काम**<br>**निजी क्षेत्रको काम**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले विगतको वर्षहरु देखिनै पथरी उद्योग वाणिज्य संघको भवन निर्माणको लागि बजेट निकासा गर्दै आएकोमा यस वर्ष पनि रु १५०००००‍ निकासा गरेको देखियो । नाफामुलक प्रयोजनका लागि खोलिएका यस्ता संस्थामा खर्च गरेको नियम सम्मत नभएको रु. | १,५००,००० |
| २६ | | | **सञ्चित कोषबाट सिधै खर्च**<br>लेखा निर्देशिका 2073 अनुसार स्थानिय निकायको मुल खाता स्थानिय संचितकोष ग.4 बाट कार्यालय संचालन स्तरको कारोबार गर्नु हुदैन साथै अन्य सम्बन्धित खर्च खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्दछ भनि व्यवस्था रहेको छ। वडा नं 10 सिरिजँग स्मृती धार्मिक वन क्षेत्र श्रीजङ्गा चुम्लुङ गत वर्षको भवन निर्माण कार्यको लागि श्रीजङ्गा चुम्लुङ भवन निर्माण उपभोक्ता समितिलाई योजना बनाइ संचित कोषबाट पूँजिगतमा रकमान्तरण गरी भुक्तानी दिनु पर्नेमा सोझै संचित कोषबाट रु १२०१५३८ रकम भुक्तानी दिएको तथा पालिकाले आ व २०७६।७७ को संघ तथा प्रदेश सरकारको विभिन्न अनुदानबापतको फिर्ता गर्नुपर्ने रकम फिर्ता गर्दा सुत्रमा लेखाङ्कन नगरी सिधै स्थानीय संचित कोषबाट मिति ०७७।६।६ मा संघीय संचित कोषमा रु २७८२२५८०.२२ फिर्ता गरेको, मिति ०७७।६।६ मा प्रदेश संचित कोषमा रु ६०२३४३७ फिर्ता गरेको नियम संगत नदेखिएको जम्मा रु | ३५,०४७,५५५ |
| २७ | | | **पुंजीगत शीर्षकबाट चालु खर्च**<br>**पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**– पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट गर्नुपर्दछ । पूँजीगत शीर्षकबाट चालु खर्च गर्न नपाउने व्यवस्था रहेकोमा पालिकाले देहाय अनुसार नगरपालिका पुंजीगत शीर्षकमा बजेट विनियोजन गरी चालु प्रकृतिका खर्च गरेको छ । | १३,८३७,२१३ |

| खर्च गरेको चालु शीर्षक | प्रयोजन | रकम |
|---|---|---|
| संघ संस्था साझेदारी | संघ संस्थाका विविध खर्च | ५४६६०० |
| न्यायिक समिति | विभिन्न चालु खर्च | ७५१५३३ |
| बसोबास व्यवस्थापन | विभिन्न चालु खर्च | ८३१७७१ |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | बालबालिका | विभिन्न चालु खर्च | १५५००० | | |
| | | | | जेष्ठ नागरिक | विभिन्न चालु खर्च | ५००००० | | |
| | | | | पथरी बहुमुखी क्याम्पस शैक्षिक कृयाकलाप | विभिन्न चालु खर्च | १००००० | | |
| | | | | खेलकुद | विभिन्न चालु खर्च | १२०८०९० | | |
| | | | | विद्यायन समिति | विभिन्न चालु खर्च | ३११९०० | | |
| | | | | विपद व्यवस्थापन | विभिन्न चालु खर्च | ३४८६९० | | |
| | | | | वडा नं १ स्वास्थ्य विमा | विभिन्न चालु खर्च | ३५०००० | | |
| | | | | वडा नं २ विपद व्यवस्थापन, कृषि, खेलकुद | विभिन्न चालु खर्च | ९३१०६२ | | |
| | | | | वडा नं ३ विपद व्यवस्थापन, कृषि, अवलोकन भ्रमण | विभिन्न चालु खर्च | ४४३६३८ | | |
| | | | | वडा नं ४ विपद व्यवस्थापन, कृषि, स्वास्थ्य विमा, संचार, विद्यालय अनुगमन लागायतका कार्यक्रम | विभिन्न चालु खर्च | १७८७७६३ | | |
| | | | | वडा नं ५ विपद व्यवस्थापन, खेलकुद, स्वास्थ्य, लक्षित कार्यक्रम | विभिन्न चालु खर्च | ८०६००० | | |
| | | | | वडा नं ६ सूचना तथा संचार, स्वास्थ्य, लक्षित कार्यक्रम, कृषि, अनुगमन | विभिन्न चालु खर्च | १५९१९६२ | | |
| | | | | वडा नं ७ विपद व्यवस्थापन, खेलकुद, स्वास्थ्य, लक्षित कार्यक्रम, कृषि | विभिन्न चालु खर्च | ९८६१०८ | | |
| | | | | वडा नं ८ विपद व्यवस्थापन, खेलकुद, स्वास्थ्य, लक्षित कार्यक्रम, कृषि, सूचना तथा संचार | विभिन्न चालु खर्च | २०५७५५ | | |
| | | | | वडा नं ९ विपद व्यवस्थापन, खेलकुद, स्वास्थ्य, लक्षित कार्यक्रम, कृषि | विभिन्न चालु खर्च | १४३१७०६ | | |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं ५ विपद व्यवस्थापन, कृषि, लक्षित कार्यक्रम | विभिन्न चालु खर्च | ५४९६३५ | | |
| | | | | | | १३८३७२१३ | | |
| २८ | | | **खर्च भन्दा बढी रकम भुक्तानी**<br>**खर्च भन्दा बढी रकम भुक्तानी – भौ नं. २३१,२६६ नगरपालिका पुजीगत** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अधि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकले दिपक राईको घरदेखि त्रिवेणी चौक जाने बाटो योजनाका लागि कार्यसम्पन्न प्रतिवेदनमा रु ८२२५२५ भएता पनि विल भरपाई रु ७३११८७ पेश भएकोले बढी भुक्तानी रकम असुल उपर गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | | | | | ९१,३३८ |
| २९ | 770 | २०७८-३-२९ | **कल्याण कोष**<br>**कल्याण कोष** – नगरपालिका चालु - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरण नगरपालिका चालुबाट कर्मचारी कल्याण कोषमा रु.35,00,000। ट्रान्सफर गरेको छ । तर कार्यालयले कर्मचारी व्यवस्थापन (सेवासर्त सम्बन्धि) ऐन, 2077 बनाइ परिच्छेद 14 मा उपदान र निवृतिभरण पाउने व्यवस्था गरिएकोमा उक्त कोषमा कर्मचारीबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम मासिक रुपमा तलबको 10 प्रतिशत रकम कट्टा नगरी कार्यालयले मात्र रकम विनियोजन गरी उक्त कोषमा रकम राखेको देखियो। यसरी कानूनमा भएको व्यवस्थालाई पूर्ण रुपमा पालना नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको उचित नदेखिएकोले यसमा सुधार गर्नु पर्दछ । | | | | | |
| ३० | | | **कोभिड तर्फ** | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | **कोभिड तथा ननकोभिड अस्पताल संचालनको स्थिति**<br>पथरी शनिश्चरे नगरपालिकामा मिति 2078/2/11 गते देखि 15 वेडको आइसोलेसन वेडअस्पतालको स्थापना भइ संचालनमा रहेको छ। उक्त अस्पतालमा मेडिकल अफिसर 2 जना, अ.न.मी 8 जना, सि.अ.न.मि 1 जना, सि.अ.हे.व. 1 जना, अ.हे.व 6 जना, हे.अ. 2 जना, रेडियोग्राफर 1 जना, फार्मेसी सहायक 1 जना, सरसफाइ कर्मचारी 2 जना, का.स 1 जना र सुरक्षा गार्ड 1 जना गरी जम्मा 26 जनाको दरबन्दी र पदपूर्ती रहेको छ।<br><br>अस्पतालमा एम्बुलेन्स, आइसियु, भेन्टिलेटर, आइसोलेशन वेड, अक्सिजन प्लान्ट, अक्सिजन सिलिण्डर, कन्सन्ट्रेटर, पि.पि.ई लगायतका स्वास्थ्य सुरक्षा समाग्रीहरु रहेका छन्। Oxygen cylinder tyf consountrator – 3 को पि.पि.ई व्यवस्थामा आवश्यकता अनुसार नगरपालिका, अन्य सहयोगी निकाय, प्रदेश तथा केन्द्र लगायत अन्य सहयोगी संघ संस्थाबाट स्वास्थ्य उपकरण र स्वास्थ्य सामाग्री प्राप्त भएको छ।त्यस्तै नगरपालिकाबाट अस्पताललाई निःशुल्क रुपमा 2 वटा एम्बुलेन्स उपलब्ध भएको छ।<br><br>कोभिड 19 का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गदर्शन 2077 को आवश्यकता अनुसार पालना भएको छ। कोरोना भाइरसको संक्रमणका उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश 2077 बमोजिम सोधभर्ना एंव खर्च भएको जोखिम भत्ता रकम जोखिमको आधारमा तलबको 50, 25 र 20 प्रतिशत उपलब्ध गराएको छ। कोभिड 19 जोखिमको निःशुल्क बिमा कोभिडको पहिलो लहर भएको बेला गरिएको छ।<br><br>नगरपालिकाद्वारा कोभिड अस्पताल संचालनको अनुगमन र रेखदेख भएको छ। नियमित रुपमा संक्रमण फैलन नदिन कोभिड अस्पतालको सरसफाइ र निसंक्रमण सम्बन्धि कार्य भइ रहेको छ। | |
| ३०.२ | | | **कोभिड नियन्त्रणको लागि बजेट र खर्चको स्थिती परीक्षण**<br>सुत्रमा देखिएको कोभिडको आय र व्यय निम्नानुसार रहेका छन् – | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| गतको अल्या | 286320.23 | खर्च | 1613953.23 |
| | 3571306 | | 2243673 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्राप्त | | बाकी | | | |
| | | | | **जम्मा** | **3857626.23** | **जम्मा** | **3857626.23** | | |
| | | | पालिकाले कोभिड 19 जोखिममा खटिने स्वास्थ्यकर्मी र कर्मचारीलाई गत विगतको मन्त्रीपरिषद निर्णयको आधारमा नगरपालिका चालुको कर्मचारी प्रोत्साहन भत्ता शिर्षक, करार सेवा शुल्क शिर्षक र ससर्तको कोभिड 19 अस्थायी अस्पतालमा कार्यरत जनशक्तिहरुको तलब भत्ता भुक्तानी शिर्षकबाट र मिति 2078 जेठ 27 को कार्यपालिका वैठकको निर्णयका आधारमा अस्पताल, स्वास्थ्य चौकीमा कार्यरत जनशक्ति र नगरपालिका अन्तरगतका स्वास्थ्यसंग सम्बन्धित कर्मचारीहरुको जोखिम भत्ता वापत रु. 31,08,012। भुक्तानी खर्च गरेको छ।<br><br>प्रकोप व्यवस्थापन कोषबाट पालिकाले पथरी बहुमुखी क्याम्पस क्वारेन्टिनमा रहेका कोभिड 19 का संक्रमित र अन्य व्यक्तिलाई पालिकाले खाना खाजा वापत अप्सन खाजा घरलाई मिति 2077/3/26 देखि 5/27 सम्म क्वारेन्टिनमा रहेका 275 जनालाई खाना खाजा वापत 3 वटा भौचरबाट रु.6,93,507। र सचिन खाजा घरलाई मिति 2077/5/20-7/5 सम्म क्वारेन्टिनमा रहेका 88 जनालाई खाना खाजा वापत 1 वटा भौचरबाट रु.3,42,075। गरी जम्मा रु.10,35,582।खाना खाजा वापत खर्च गरेको छ।<br><br>प्रकोप व्यवस्थापन कोषबाट मिति 2076/12/11 बाट लकडाउन भएपछि पालिकाका विभिन्न स्थानमा रहेका बासिन्दालाई नगरपालिका ल्याउन प्रयोग गरिएको गाडीका भाडा वापत मिति 2077/3/21 को कार्यपालिका वैठकको निर्णय नं 6 ले गरेको निर्णयका आधारमा 2 वटा भौचरबाट रु.2,93,000। भुक्तानी खर्च गरेको छ।<br><br>प्रकोप व्यवस्थापन कोषबाट औषधी र स्वास्थ्य सामाग्री खरिद तर्फ पालिकाले विभिन्न 4 वटा भौचरबाट रु.6,10,109। खर्च गरी जिन्सी सामाग्रीको दाखिला गरेको देखियो।<br><br>अस्पतालले विभिन्न कार्यालय, मन्त्रालय, विभाग र संघसंस्थाबाट प्राप्त गरेको स्वास्थ्य सामाग्री र उपकरणहरु आफ्नो जिन्सीमा दाखिला गरेकोमा नगरपालिकाको एकिकृत जिन्सीमा अध्यावधिक गरेको देखिएन। | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.३ | | | **निर्देशिका र हेल्थ प्रोटोकल निर्माण र कार्यान्वयन**<br>स्थानिय तहले केन्द्रिय सरकारको प्रोटोकल अनुसारका निर्देशिका एंवम हेल्थ प्रोटोकलको प्रयोग गरेको देखिएको छ। | |
| ३०.४ | | | **पिसिआर प्रयोगशाला संचालन र अनुगमन सम्बन्धि व्यवस्था**<br><br>स्थानिय तहमा पिसिआर प्रयोगशाला संचालनमा रहेको देखिएन। कोभिड अस्पतालले पिसिआरका लागि नमुना संकलन गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालमा पठाउने गरेको देखियो। आर्थिक वर्ष 2077/78 मा जनस्वास्थ्य प्रयोगशाला संग समन्वय गरी कुल 1050 जना मध्ये सम्पूर्णको निःशुल्क पिसिआर जाँच गराएको पाइयो। अस्पतालले पिसिआर परीक्षणमा प्रयोग हुने सामाग्रीहरु खरिद नगरी प्रदेश स्टोरबाट प्राप्त गरेको छ। | |
| ३०.५ | | | **औषधी किट तथा स्वास्थ्य उपकरण खरिद तथा अनुदान प्राप्तीको स्थिति परीक्षण**<br><br>आर्थिक वर्ष 2076/77 मा 10 वेडको लागि सामाग्री खरिद भएकोमा अस्पतालले सोही प्रयोग गरेको दखियो। साथै युएनएचसिआरले 25 वेडका लागि सामाग्री दिएको र आ.व 2077/78 मा अन्य स्वास्थ्य सामाग्री खरिद भएको छ। यस्तै क्यारिटस नेपालले 70 घरपरिवारका लागि औषधी किट वापत सहगोग गरेको देखियो। | |
| ३०.६ | | | **क्वारेन्टिन र आइसोलेसन व्यवस्थापन**<br><br>नगरपालिकामा मिति 2078 जेठ 11 गते देखि 15 वेडको आइसोलेसन अस्पतालको स्थापना भएको छ। पालिकाले पथरी बहुमुखी क्याम्पस क्वारेन्टिन स्थापना गरी आर्थिक वर्ष 2077/78 मा श्रावण देखि कार्तिक सम्म क्वारेन्टिनमा रहेका व्यक्तिलाई खाना, खाजा, स्वास्थ्य सामाग्री र इन्टरनेटको व्यवस्थाका भुक्तानी गरेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.७ | | | **खोप प्राप्ती र वितरणको अवस्था मुल्याङ्कन**<br><br>अस्पतालले आर्थिक वर्ष 2077/78 मा खोष खरिद नगरी अनुदानबाट प्राप्त गरेको खोपलाई वितरण गरेका देखियो। यस वर्ष पालिकाले 3580 गोटा कोभिडसिल्ड र 1935 गोटा भेरोसिल खोप वितरण गरेको देखियो। खोषको भण्डारण र क्षमता व्यवस्थित रुपमा रहेको छ। | |
| ३१ | | | **डीपीआर खर्च**<br>**डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत अनुमान | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| पथरी नगर अस्पतालमा १५ वेडको भवन निर्माण | न्यू प्लानेट इन्जिनियरिङ सर्भिसेज प्रा लि | 1999987 | 1496120 | 190471773 |
| वडा नं ४ का तीनबटा सडक डि पि आर | ईमेज ईन्जिनियरिङ कन्सलटेन्सी | 299293 | 298416 | 49766867 |
| जम्मा: | | 2299280 | 1794536 | 240238640 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **धरौटी**<br>धरौटी- पालिकाले धरौटीको नामनामेसी विवरण सहितको अभिलेख राख्नु पर्नेमा सो अनुसार राखेको देखिदैन । धरौटीको नामनामेसी विवरण सहितको व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ३३ | | | **पेश्की बाँकी** | ३,७७१,४८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **पेश्कीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकिएको कार्य सम्पन्न गरी कार्यालय फर्किएको 1५ दिन भित्र फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकिएको म्याद भित्र फछ्र्यौट गर्नुपर्नेमा आर्थिक वर्षको अन्त सम्म निम्नानुसार बाँकी रहेको पेश्की असुल फछ्र्यौट हुनुपर्ने रु | |

| पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| | कर्मचारी | | | |
| विविध खर्च | ईन्द्र खतिवडा | | | 30000 |
| सेवा निवृत्त महिला स्वास्थ्य स्वयमसेविका सम्मान जनक विदाई | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | 70000 |
| महिला स्वास्थ्य स्वयमसेविका दिवश | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | 30000 |
| सेवा निवृत्त महिला स्वास्थ्य स्वयमसेविका सम्मान जनक विदाई | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | 50000 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | विविध खर्च | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | 85000 | |
| | | | कोभिड १९ लगायत विभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा निगरानीका लागि सरोकारवाला सँगको अन्तरक्रिया तथा RRT, स्वास्थ्यकर्मी परिचालन | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | 50000 | |
| | | | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु (Hypertension, Diabetes, COPD, Cancer Days, आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस, रेबिज दिवस, विश्व औलो दिवस) मनाउने | एक राज खत्री | | | 33650 | |
| | | | स्वास्थ्यकर्मीहरुको क्षमताअभिबृद्धि तालिम | मुरारी आचार्य | स्वास्थ्य शिक्षा अधिकृत | | १००००० | |
| | | | स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यन्वयन, सुद्रिढीकरण तथा समिक्षा (स्वास्थ्य चौकीको न्युनतम सेवा मापदण्ड कार्यक्रमको समिक्षा ) | एक राज खत्री | | | १००००० | |
| | | | समुदायमा आधारित नवजात शिशु तथा बाल रोगको एकीकृत व्यवस्थापन (IMNCI) कार्यक्रम समिक्षा तथा स्वास्थ्य संस्थाहरुमा onsite coaching | एक राज खत्री | | | १००००० | |
| | | | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चतताका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको अनुगमन तथा मूल्याङकन (अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | एक राज खत्री | | | 45000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेकेदार | | | | | |
| | | | | बुद्ध मा बि भवन निर्माण | श्री याक्थुमहाङ्ग। एस.ए.एस.। देवी डाडा जे.भी. | | २५००००० | | | |
| | | | | बुद्ध मा बि भवन निर्माण | याक्थुम्हाङ्ग । एच.एम.बिल्डर्स जेभी | | १००००० | | | |
| | | | | सडक बोर्ड साझेदारी कार्यक्रम | जय भवानी निर्माण सेवा | | ८००००० | | | |
| | | | | बुद्ध मार्ग कालोप्त्रे | श्री याक्थुमहाङ्ग। एस.ए.एस.। देवी डाडा जे.भी. | | ८००००० | | | |
| | | | | | उपभोक्ता समिति | | | | | |
| | | | | मनकामना सामुदायिक वन उपभोक्ता समुहको सिमसार क्षेत्र भित्र बाघे पोखरी निर्माण | मनकामना सिमसार व्यवस्थापन उ.स. | | | २२०००० | | |
| | | | | वडा नं ३ को पिपलचौक देखी भोटेघुम्ती जाने बाटोमा कल्भर्ट निर्माण | पिपलचौक भोटेघुम्ती कल्भर्ट निर्माण र अधुरो सडक ग्राभेल उ.स | | | ४४८१४० | | |
| | | | | वडा नं ५ र ३ को सिमानामा कल्भर्ट निर्माण | भोटेघुम्ती सिमानामा | | | २५५००० | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कल्भर्ट निर्माण उ.स. | | | | | |
| | | | | ट्राफिक प्रहरी कार्यालयको छतमा ट्रस निर्माण | ट्राफिक भवनमा ट्रस निर्माण उ.स. | | | १६००५० | | |
| | | | | | व्यक्तिगत | | | | | |
| | | | | कुष्ठरोगको विरामी, परिवार तथा छिमेकीको सम्पर्क परिक्षण तथा LPEP सेवाको निरन्तरता सशर्त | जगत प्रसाद मगर | | | १००००० | | |
| | | | | उच्च जोखिममा रहेका समुदायमा विरामी खोजपड्ताल कार्यक्रम | जगत प्रसाद मगर | | | 50000 | | |
| | | | | विभिन्न सरुवारोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्बन्धि अन्तरक्रिया कार्यक्रम तथा दिवसहरु सशर्त | एकराज खत्री | | | 52500 | | |
| | | | | मातृ तथा नवशिशु कार्यक्रम | हिमा देवी मगर | | | 70000 | | |
| | | | | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम सशर्त | एकराज खत्री | | | ११०००० | | |
| | | | | विपद व्यवस्थापन | जगत प्रसाद मगर | | | 55800 | | |
| | | | | माहामारी तथा किटजन्य रोग नियन्त्रण कार्यक्रम | जगत प्रसाद मगर | | | ५००००० | | |
| | | | | मातृ तथा नवशिशु कार्यक्रम | हिमा देवी मगर | | | १५०००० | | |
| | | | | सशर्तका कार्यक्रमहरु | हिमा देवी मगर | | | 60000 | | |
| | | | | वडाको वृत्तचित्र निर्माण | गोमा देवि पौडेल | | | 46345 | | |
| | | | | | | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | पोषण कार्यक्रम | हिमा देवी मगर | | | ७००००० | |
| | | | क्लिनिकल अपडेट तालिम | हिमा देवी मगर | | | १००००० | |
| | | | | जम्मा | | ४२००००० | 3771485 | |
| ३४ | | | **आन्तरिक आय** | | | | | |
| ३४.१ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको पर्यटन तथा सोसँग सम्बन्धित व्यवसायहरुमा सेवा शुल्क लगाउन सक्ने व्यवस्था छ । पालिकाले २०७७।७८ को आर्थिक ऐनको अनुसूची-५ मा मनोरंजन शुल्क समेतको व्यवस्था गरेकोमा सो अनुसार पर्यटन क्षेत्रबाट लक्ष्य बमोजिम राजस्व असुली गर्ने गरेको पाइएन । | | | | | |
| ३४.२ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ मा स्रोत अनुमान र बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक ऐन २०७८ को अनुसूची-१९ मा फोहरमैला व्यवस्थापन सेवा शुल्क, होटल तथा लज लगायत शैक्षिक संस्था, स्वास्थ्य संस्था, उद्योग र कल कारखाना समेतबाट फोहरमैला व्यवस्थापन शुल्क हप्ता र मासिक रुपमा लिने गरी ऐन पारित गरेकोमा सो बमोजिम फोहरमैला व्यवस्थापन शुल्क असुली कार्य नभएको र पालिकामा सेवा लिन आउने नागरिकहरुबाट मात्र असुली गर्ने गरेकोले पालिकाको लक्ष्य बमोजिम फोहरमैला व्यवस्थापन शुल्क र सेवा शुल्कहरु प्रभावकारी रुपमा असुल भएको पाइएन । पारित नीति र कानून अनुसार सेवा शुल्क असुल गर्नुपर्दछ । | | | | | |
| ३५ | | | **खोला जन्य पदार्थको आय** | | | | | |
| ३५.१ | | | स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकालाई प्राप्त हुनुपर्ने सबै प्रकारका राजस्वको अभिलेख राखी १ वर्ष भन्दा बढी सम्झौता भएका आयहरुको लगती राजस्व कायम गरी असुल गर्नुपर्नेमा पालिकाले हालसम्म गरेका सम्झौता अन्तर्गत प्राप्त हुनु पर्ने आन्तरिक आयको अभिलेख विवरण लेखापरीक्षणमा पेश नगरेकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **ढुंगा, गिटी, बालुवाको उत्खनन् र विक्रिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२(क) मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिटी, बालुवा दहत्तरबहत्तर आदीको विक्रि गर्न सक्ने व्यवस्था छ । पालिकाले २०७७।७८ को राजस्व अनुमानमा बाँडफाँडबाट प्राप्त हुने दहत्तरबहत्तर वापत रु.१ करोड अनुमान गरेको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको डाँसखोलाबाट नदीजन्य पदार्थ उत्खनन् र विक्रिको लागि परामर्शदाताबाट IEE गराई IEE बाट २०७३३० घन मी. जम्मा हुने र सो मध्ये १२४३९८ घ.मी. उत्खनन् गर्न सकिने सो वापत रु.२३४७६७२३/- प्राप्त हुने प्रतिवेदन प्राप्त भएतापनि सो बमोजिम ठेक्कापट्टा लगाई कार्य नगरेको जानकारी दिएको छ । पालिकाको श्रोत पहिचान गरी नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत ढुंगा,गिटी, बालुवा उत्खनन् मापदण्डको आधारबाट नगरी वडा नं.७ र ८ ले अमानतबाट संकलन गर्ने गरेको व्यहोराको जानकारी लेखापरीक्षणमा गराएको भएतापनि ढुंगा, गिटी, बालुवाबाट प्राप्त आयको छुट्टै विवरण तयार गरी पेश नगरेकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन । | |
| ३५.३ | | | **रसिद नियन्त्रणः** स्थानीय सरकार संचालन २०७४ बमोजिम पालिकाले महालेखापरीक्षकले तोकेको ढाँचामा कारोवार र श्रेस्ता तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न आय संकलनको लागि नगदी रसिद मार्फत संकलन गर्ने गरेकोमा यस वर्ष छपाई गरिएका र सो मध्ये प्रयोग भएका र बाँकी रहेका नगदी रसिदहरुको रसिद नियन्त्रण खाता राखी आम्दानी खर्च नगरेकोले रसिदको प्रयोग र असुली भएको सबै रकम तोकिएको अवधि भित्र राजस्व जम्मा भए नभएको यकिन गर्न सकिएन । रसिद नियन्त्रण खाता राखी लेखापरीक्षणमा पेश हुनुपर्दछ । | |
| ३५.४ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा कार्यालय र केन्द्रहरुमा राजस्व बुझिलिने कार्य सफ्टवेयरको माध्यमबाट गरिएकोमा प्राप्त भएको रकम सोही दिन र सोको भोलिपलट दाखिला नगरी वडा सचिवहरुले बैंक दाखिला गरेकोमा भौचर र मासिक विवरण तथा भौचर भिडान गरी यकिन गर्ने नगरेको र नमूना छनौटबाट वडा नं.२ को २०७७।६।१ देखि २०७७।६।३० सम्मको आयलाई विविध नगदी संकलन उल्लेख गरी रु.१६७०१०/- जम्मा देखाएको उक्त रकम बैंक दाखिला गरेको भौचर नं. र मिति खुलाई विवरणमा उल्लेख नगरेको अवस्था देखियो । यस सम्बन्धमा पालिकाबाट ऐनमा तोकिएको अवधि भित्र सबै रकम बैंक दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.५ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको पहिचान गरी सो अनुसारको ब्यवस्थापन समेत तोक्नुपर्ने व्यवस्था भएकोमा आर्थिक वर्ष २०७७।७८ को राजस्व आयको अनुमान गर्दा मालपोत/भुमीकर तर्फ जग्गाबाट न्यूनतम १ कठ्ठा माथि बगर समेतमा भुमिकर लिने, घर वहाल कर तर्फ व्यापारिक र आवासिय छुट्याई तथा व्यवसाय तर्फ १११ व्यवसायबाट कर असुल गर्ने र मनोरंजन शुल्कबाट ३ प्रकारका मेलामा र अन्य बहाल विटौरी तर्फ संरचनाको बनौट अनुसार २० प्रकारका घरहरु वर्गीकरण गरी राजस्व असुली लक्ष्य निर्धारण गरेको छ । त्यसै गरी सिफारिस र प्रमाणित दस्तुर तर्फ ८६ प्रकारका सिफारिसलाई छनौट गरी शुल्क लगाउने र पालिका भित्रका अन्य व्यवसाय र हाट बजार,हाट कर, घर नक्सा पास समेतमा फरक फरक दर तोकि राजस्वको लक्ष्य निर्धारण गरेको छ । ऐनको दफा ८ मा ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके बमोजिम हुने गरी पारित गरेकोमा कार्यविधि स्वीकृत गरी लागु गरेको पाइएन । | |
| ३६ | | | **विद्युत जरिवाना**<br>**विद्युत जरिवाना भुक्तानीः** कार्यालयले नेपाल विद्युत प्राधिकरण बाट प्राप्त भएको विलहरुको समयमा नै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि 5%, 10% र 25% जरिवाना समेत विल रकमको भुक्तानी गरेको देखियो। यसरी समयमा प्राप्त बिलको भुक्तानी गरी जरिवाना सहित भुक्तानी नगर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। | |
| ३७ | | | **कार्यालय ईन्धन र मर्मत खर्च** | |
| ३७.१ | | | **मर्मत खर्च** - सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी निति मार्गदर्शन 2075,मा भएको व्यवस्था अनुसार कार्यालयले खर्चमा मितव्यीता ल्याइ काम गर्नुपर्नेमा कार्यालयमा आर्थिक भार पर्ने हिसाबले अनुत्पादक क्षेत्रमा खर्च गर्न हुदैन ।कार्यालयले आर्थिक वर्ष 2075/76 मा मर्मतमा रु.18,79,625।, आर्थिक वर्ष 2076/77 मा रु.19,80,203। खर्च गरेकोमा आर्थिक वर्ष 2077/78 मा रु.30,00,000। बजेट व्यवस्थापन गरेकोमा रु.21,75,719। खर्च भएको छ। यसरी मर्मत खर्चको भुक्तानी गर्दा कार्यालयको सवारी साधन, सशस्त्र प्रहरी बल शनिश्चरे र शरणार्थी शिविरका सवारी साधन, ईलाका प्रहरी कार्यालयका सवारी साधन र प्रहरी चौकीका सवारी साधनका लागि मर्मत वापत मर्मत आदेश राखी भुक्तानी खर्च गरेको देखियो। यसरी मर्मतको लगबुक अनुसार चारपाङ्ग्रे सवारी साधनको मर्मत खर्च निम्नानुसार रहेको छ – | |

| क्र.सं | सवारीसाधन नं | सवारी साधन | प्रयोगकर्ता | मर्मत मिति | खर्च रकम |
|---|---|---|---|---|---|
| 1 | को 1 झ 514 | बुलेरो | प्र.प्र.अ. | विभिन्न मिति | 256319 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 2 | बा 1 झ 9419 | स्कार्पियो | नगर उपप्रमुख | विभिन्न मिति | 237790 |
| 3 | को 1 झ 574 | निशान पिकप | नगर प्रमुख | विभिन्न मिति | 229460 |
| 4 | मे 1 झ 103 | एम्बुलेन्स | - | विभिन्न मिति | 37620.5 |
| 5 | को 1 झ 479 | एम्बुलेन्स | - | विभिन्न मिति | 15763.5 |
| 6 | 01-02-001 ग 0166 | ट्रिपर | - | विभिन्न मिति | 1150 |
| 7 | को 1 द 31 | ट्याक्टर | - | विभिन्न मिति | 11050 |
| 8 | को 1 द 62 | ट्याक्टर | - | विभिन्न मिति | 11050 |
| 9 | 01-02-001 ग 0752 | नयाँ एम्बुलेन्स | - | विभिन्न मिति | 41301.5 |
| | जम्मा | | | | 841505 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | | | **ईन्धन खर्च** - सार्वजनिक खर्चमा मितव्यीता र प्रभावकारीता कायम गर्ने सम्बन्धी निति मार्गदर्शन 2075, मा भएको व्यवस्था अनुसार कार्यालयले खर्चमा मितव्यीता ल्याइ काम गर्नुपर्नेमा कार्यालयमा आर्थिक भार पर्ने हिसाबले अनुत्पादक क्षेत्रमा खर्च गर्न हुदैन ।कार्यालयले ईन्धन(कार्यालय) प्रयोजनमा आर्थिक वर्ष 2075/76 मा रु.30,31,815 र आर्थिक वर्ष 2076/77 मा रु.35,40,301। खर्च गरेकोमा आर्थिक वर्ष 2077/78 मा रु.42,00,000। बजेट व्यवस्था गरी कार्यपालिका वैठकबाट निर्णयका आधारमा रु.35,33,905। खर्च गरेकोमादुइ वटा सप्लायर्स (ओम सत्यसाई सप्लायर्स उर्लाबारी र खड्का आयल सेन्टर बेलबारी) सँग कुपन प्रयोग गरी चार पाङ्ग्रे सवारी साधन, एम्बुलेन्स, ट्र्याक्टर (सेतो नम्बर प्लेट), कर्मचारी (सेतो र रातो नम्बर प्लेट) र कार्यपालिका सदस्य (रातो नम्बस प्लेट) लाई निम्नानुसार मासिक रुपमा ईन्धन वापत तेल वितरण गरेकोमा वडा अन्तरगत सचिव र अन्य कर्मचारीले वडा संचालन खर्चबाटै इन्धन वापत तेल प्रयोग गरेको देखियो। | |

| क्र.सं | इन्धन कुपन प्रयोग गर्ने | मासिक तेल प्रयोग गरेको | निर्णय मिति |
|---|---|---|---|
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 1 | चार पाङ्ग्रे सवारी साधन, एम्बुलेन्स, ट्रयाक्टर, ट्रिपर | आवश्यकता अनुसार | - | | |
| | | | | 2 | प्राविधिक कर्मचारी सबै | मासिक 20 लिटर | मिति 2077।4।22 का.पा वैठकको निर्णय नं 2 | | |
| | | | | 3 | अन्य कर्मचारी | मासिक 10 लिटर | मिति 2077।4।22 का.पा वैठकको निर्णय नं 2 | | |
| | | | | 4 | कार्यपालिका सदस्य | मासिक 6 लिटर | मिति 2076।11।7 का.पा. वैठक | | |

यसरी कार्यालयमा रहेको चार पाङ्ग्रे सवारी साधनहरु मध्ये निम्नानुसारका सवारी साधनको लगबुक अध्ययन गर्दा निम्नानुसार प्रति लिटर इन्धनबाट प्रति किमि गाडी गुडेको देखिन्छ।

| क्र.सं | गाडी नम्बर | मिति | गुडेको किमि देखि-सम्म | गुडेको किमि जम्मा | डिजेल प्रयोग लिटर | प्रति किमि प्रति लिटर |
|---|---|---|---|---|---|---|
| 1 | प्रमुख को 1 झ 574 | 2077/4/1-2078/3/31 | 78986-97737 | 18751 | 2172 | 8.633 |
| 2 | उपप्रमुख बा 1 झ 9419 | 2077/4/1-2078/3/31 | 199925-218710 | 18785 | 2112 | 8.8994 |
| 3 | प्र.प्र.अ. बा 1 झ 514 | 2077/4/1-2078/3/31 | 148877-186187 | 37310 | 3045 | 12.253 |
| 4 | एम्बुलेन्स 479 | 2077/6/26-2078/3/31 | 46430-62562 | 16132 | 1355 | 11.906 |
| 5 | एम्बुलेन्स 0752 | 2078/1/3-2078/4/2 | 1947-15341 | 13394 | 908 | 14.751 |
| 6 | टिप्पर 0166 | 2077/4/1-2078/3/31 | Aug-97 | 7189 | 1691 | 4.2513 |
| 7 | टिप्पर 192 | 2078/1/8-2078/3/31 | 1872-2882 | 1010 | 240 | 4.2083 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | 39 | २०७७-६-२ | **बिमा शुल्क**<br>**बिमा शुल्क** – नगरपालिका चालु - प्रदेश नं 1 गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2075(पहिलो संशोधन समेत) को दफा 3, अनुसुची 1 (क), (ख), (ग), (घ), अनुसुची 2 र अनुसुची 3 बमोजिमको सेवा तथा सुविधा पाउने व्यवस्था गरेको छ। यस ऐनमा पदाधिकारीको बिमा वापतको रकम भुक्तानी गर्ने भनी कुनै व्यवस्था गरेको छैन।त्यस्तै सामान्य प्रशासन मन्त्रालयको चलानी नं 217 मिति 2074/01/25 मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति 2074/01/21 को निर्णयले करारमा कार्यरत कर्मचारीलाई तलब, चाडपर्व र पोशाक भत्ता मात्र पाउने व्यवस्था गरेको छ तर कार्यालयले मिति 2077।5।15 को कार्यपालिका वैठकको निर्णय नं 3 ले पदाधिकारी (48 जना) र अस्थायी, करार र ज्यालादारी कर्मचारी (66 जना) को रु.1 लाखको कोरोना बिमा वापत भुक्तानी गर्ने निर्णय गरी प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडलाई 114 जनाको रु.300। का दरले जम्मा रु. 34220। भुक्तानी गरेको रकम नियमानुसार नदेखिएको रु. | ३४,२२० |
| ३९ | | | **करार कर्मचारी थप सुविधा**<br>**करार कर्मचारी थप सुविधा** – सामान्य प्रशासन मन्त्रालयको चलानी नं 217 मिति 2074/01/25 मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति 2074/01/21 को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष 2074/075 बाट लागु हुने गरी कम्तिमा 6 महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेकोमा पालिकाले निम्नानुसारका दरबन्दी भित्र रहेका करारका कर्मचारीहरुलाई करार सम्झौतामा उल्लेख गरेको भनी स्थायी कर्मचारी सरह महङ्गी भत्ता मासिक रु. 2000।(२०७७ श्रावण देखि), खाजा खर्च मासिक रु.2500।, रु.2000।, र रु.1500। (२०७७ श्रावण देखि) र २०७७।७८ को सातौँ नगर सभामा बजेट व्यवस्था गरी मिति २०७७।०५।२६ को टिप्पणी र निर्णयानुसार मासिक रुपमा प्रोत्साहन भत्ता (२०७७ असोज देखी) लगायतका थप सुविधा भुक्तानी गरेको सम्बन्धमा मन्त्रालयले दिएको निर्देशन विपरित भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु. | ६४०,१७५ |

| क्र.सं | कर्मचारीको नाम/पद | महङ्गि भत्ता | खाजा खर्च | प्रोत्साहन भत्ता | जम्मा रकम |
|---|---|---|---|---|---|
| 1 | इन्जिनियर कृष्ण प्रसाद कोइराला | - | - | 47599 | 47599 |
| 2 | सव इन्जिनियर दिपक आचार्य | - | 24000 | 56400 | 56400 |
| 3 | | - | - | 42300 | 42300 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सव इन्जिनियर देव कृष्ण यादव | | | | | | |
| | | | | 4 | इन्जिनियर सन्तोष केसी | - | - | 48236 | 48236 | | |
| | | | | 5 | असिस्टेन्ट सव इन्जिनियर बल ब बस्नेत | - | - | 39915 | 39915 | | |
| | | | | 6 | सहायक दया राजवंशी | - | 18000 | 29220 | 47220 | | |
| | | | | 7 | ह.स.चा. भिष्म न्यौपाने | 24000 | 7500 असोजसम्म | 33015 | 64515 | | |
| | | | | 8 | ह.स.चा. रोशन राई | 24000 | 7500 असोजसम्म | 33015 | 64515 | | |
| | | | | 9 | ह.स.चा. ईन्द्र खतिवडा | 24000 | 7500 असोजसम्म | 33015 | 64515 | | |
| | | | | 10 | कास कविता राई | - | 18000 | 19480 | 37480 | | |
| | | | | 11 | कास चुडामणि दाहाल | - | - | 19480 | 19480 | | |
| | | | | 12 | सहायक विश्वमणी निरौला | - | 18000 | - | 18000 | | |
| | | | | 13 | कास चमेली बेघा | - | 18000 | - | 18000 | | |
| | | | | 14 | कास भरत सार्की मगराती | - | 18000 | - | 18000 | | |
| | | | | 15 | सहयोगी गिता भट्टराई | - | 18000 | - | 18000 | | |
| | | | | 16 | सहयोगी कल्पना सुब्बा | - | 18000 | - | 18000 | | |
| | | | | 17 | सहयोगी मन्दिरा दाहाल | - | 18000 | - | 18000 | | |
| | | | | | | | | | 640175 | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td></tr></table></td><td></td></tr>
<tr><td>४०</td><td>354</td><td>२०७८-१-३</td><td>तालिम कार्यक्रम<br>तालिम कार्यक्रम बढी भुक्तानी – (नगरपालिका पूँजिगत) - अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका 2075 (सातौं संस्करण) को बुँदा नं 7.1.1.15(4) मा भएको व्यवस्था बमोजिम नगरपालिका स्तरिय तालिम कार्यक्रममा सहायक स्तरको प्रशिक्षण कार्यक्रममा प्रति कार्यपत्र वापत रु.800। र प्रति कक्षा संचालन वापत रु.700। पाउने व्यवस्था रहेकोमा मिति 2077।12।7 गते भएको मेलमिलापको क्रममा आएका चुनौती र समस्याको समाधान 1 दिने अन्तरक्रिया कार्यक्रममा अधिवक्ता गणेश लुँइटेलले दुइ कक्षा प्रशिक्षण भत्ता वापत रु.15,000।(15 प्रतिशत कर कट्टा भएको) भुक्तानी लिएकोमा कार्यपत्र बेगर निर्देशिकामा भएको भन्दा बढी भुक्तानी लिएकोले बढी भुक्तानी भएको कानुनी आधार पेश हुनुपर्ने रु.</td><td>११,५६०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>अनुगमन भत्ता</td><td></td></tr>
<tr><td>४१.१</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४१.२</td><td>586</td><td>२०७८-२-१४</td><td>अनुगमन भत्ता - गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,2075(पहिलो संसोधन समेत) को दफा 3 को उपदफा 1 को अनुसुची 1(क) मा नगरपालिका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यको सुविधाको व्यवस्था गरिएकोमा मासिक रुपमा नै अनुगमन वापत भुक्तानी पाउने उल्लेख छ साथै कार्यालयमा कार्यरत कर्मचारीहरुले कुनै पनि योजना वा कार्यक्रमको अनुगमन र मुल्याङ्कन गरेवापत भ्रमण खर्च नियमावली, 2064 मा व्यवस्था भए अनुसारको दैनिक भ्रमण भत्ता पाउने व्यवस्था रहेको छ। कार्यालयले माथी उल्लेखित व्यवस्था अनुसार विभिन्न कार्यक्रम तथा योजनाको अनुगमन गरे वापत अनुगमन र दैनिक भ्रमण भत्ता उपलब्ध गराएपश्चात विभिन्न कार्यक्रमको अनुगमन गरे वापत पदाधिकारी र कर्मचारीलाई अनुगमन भत्ता उपलब्ध गराएको रकम नियमसम्मत नदेखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.<br><table>
<tr><th>क्र.सं</th><th>नामथर / पद</th><th>अनुगमन संख्या</th><th>दर</th><th>रकम कर बाहेक</th></tr>
<tr><td>1</td><td>उपप्रमुख यमुना विष्ट वास्तोला</td><td>32</td><td>1000</td><td>27200</td></tr>
<tr><td>2</td><td>प्र.प्र.अ लक्ष्मी प्रसाद खरेल</td><td>3</td><td>1000</td><td>2550</td></tr>
</table></td><td>१८२,७५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 3 | वडाध्यक्ष वडा नं 2 यामप्रसाद गुरागाई | 30 | 1000 | 25500 | | |
| | | | | 4 | सदस्य निर्मला गदाल | 31 | 1000 | 26350 | | |
| | | | | 5 | का.पा.सदस्य मैना राई लिम्बु | 31 | 1000 | 26350 | | |
| | | | | 6 | ई. कृष्ण प्रसाद कोइराला | 10 | 1000 | 8500 | | |
| | | | | 7 | सुचना सम्पादक भुपेन्द्रराज तिम्सिना | 30 | 1000 | 25500 | | |
| | | | | 8 | स.ई दिपक आचार्य | 20 | 1000 | 17000 | | |
| | | | | 9 | स.ई सन्तोष केसी | 4 | 1000 | 3400 | | |
| | | | | 10 | स.ई देवकृष्ण यादव | 2 | 1000 | 1700 | | |
| | | | | 11 | हसचा भिष्म न्यौपाने | 15 | 1000 | 12750 | | |
| | | | | 12 | हसचा रोशन राई | 2 | 1000 | 1700 | | |
| | | | | 13 | हसचा केशवराज दाहाल | 5 | 1000 | 4250 | | |
| | | | | | जम्मा | | | 182750 | | |
| ४२ | | | **भुक्तानीमा कर**<br>**भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी नगरेको साथै गरेकोमा कम दरमा कर कट्टि गरेकोले नपुग कर रकम असुल एवं दाखिला गर्नुपर्ने रु. | | | | | | | ४५४,५२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | गो.भौ.नं./मिति | विवरण | भुक्तानी रकम | कर कट्टि दर | नपुग कर दर | नपुग कर रकम | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 20-77/5/30 चालु | स्वास्थ्य कर्मचारी जोखिम भत्ता | 1410427 | 1% | 14% | 197460 | |
| | | | | 28-77/5/31 चालु | स्वास्थ्य कर्मचारी जोखिम भत्ता | 64782 | 1% | 14% | 9069 | |
| | | | | 800-78/3/30 चालु | स्वास्थ्य कर्मचारी जोखिम भत्ता | 1463493 | 1% | 14% | 204889 | |
| | | | | 311-78/3/30 ससर्त | स्वास्थ्य कर्मचारी जोखिम भत्ता | 169310 | 1% | 14% | 23703 | |
| | | | | 166-78/2/25 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 209385 | - | 1% | 2094 | |
| | | | | 167-78/2/25 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 122529 | - | 1% | 1225 | |
| | | | | 184-78/3/2 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 107536 | - | 1% | 1075 | |
| | | | | 209-78/3/17 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 284867 | - | 1% | 2849 | |
| | | | | 221-78/3/23 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 189222 | - | 1% | 1892 | |
| | | | | 223-78/3/23 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 289520 | - | 1% | 2895 | |
| | | | | 224-78/3/23 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 317955 | - | 1% | 3180 | |
| | | | | 225-78/3/23 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 310200 | - | 1% | 3102 | |
| | | | | 239-78/3/24 ससर्त | प्रधानमन्त्री रोजगार कार्यक्रम | 109087 | - | 1% | 1091 | |
| | | | | | जम्मा | | | | 454524 | |
| ४३ | | | **पदाधिकारी दोहोरो सुविधा** | | | | | | | ९००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पदाधिकारी दोहोरो सुविधा - गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, 2075 (पहिलो संशोधन समेत) को दफा 7(3) बमोजिम हलुका सवारी साधन प्राप्त गर्ने सदस्यलाई अन्य यातायात सुविधा दिइने छैन भन्ने व्यवस्था रहेको छ । निम्नानुसारका पदाधिकारीहरुले हलुका सवारी साधन प्राप्त गरे पनि मिति 2076/11/7 गतेको कार्यपालिका वैठकको निर्णय नं 2 ले वडाध्यक्षलाई मासिक रु.7,500। इन्धन खर्च वापत दिने निर्णय गरी निम्नानुसार भुक्तानी गरेकोमा ऐनमा नभएको सुविधा वापत भुक्तानी दिएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नु पर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>पदाधिकारीको नाम/पद</th><th>सवारी नं</th><th>महिना</th><th>मासिक रु.</th><th>रकम रु.</th></tr>
<tr><td>1</td><td>वडा नं 1 वडाध्यक्ष बाबुराम एङ्देन</td><td>मो.सा. ६१८</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>2</td><td>वडा नं 2 वडाध्यक्ष याम गुरागाई</td><td>मो.सा. ५९०</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>3</td><td>वडा नं 3 वडाध्यक्ष डम्बर चेम्जोङ</td><td>मो.सा.१६२१</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>4</td><td>वडा नं 4 वडाध्यक्ष गोविन्द भण्डारी</td><td>मो.सा. ५८८</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>5</td><td>वडा नं 5 वडाध्यक्ष जोग बहादुर धिमाल</td><td>मो.सा. ६५३</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>6</td><td>वडा नं 6 वडाध्यक्ष जय बहादुर तामाङ</td><td>मो.सा.२३९६</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>7</td><td>वडा नं 7 वडाध्यक्ष कपिलमणी ढकाल</td><td>मो.सा.१६१९</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>8</td><td>वडा नं 8 वडाध्यक्ष बाबुराम दाहाल</td><td>मो.सा. ६५४</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>9</td><td>वडा नं 9 वडाध्यक्ष भानुभक्त राई</td><td>मो.सा. ६९६</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td>10</td><td>वडा नं 10 वडाध्यक्ष सागर राई</td><td>मो.सा. ६९८</td><td>2077 श्रावण देखि 2078 अषाढ सम्म</td><td>रु.7500।</td><td>90000</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td></td><td>900000</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई आर्थिक वर्ष 2077/78 को सातौँ नगर सभाले पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहत रहेका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई ऐन नियम तथा कार्यविधिले व्यवस्था गरे बमोजिम कार्यसम्पादनको सुचक तयार गरी खाईपाई आएको तलबको अधिकतम 25 प्रतिशत भन्दा बढी नहुने गरी नगरपालिकाको आन्तरिक कोषबाट व्यहोर्ने गरी प्रोत्साहन भत्ता दिने कार्यपालिका वैठकबाट निर्णय भएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने र प्रोत्साहन भत्ताको व्यवस्थापन गर्न नगरकार्यपालिका कार्यालयलाई निर्देशन गर्ने निर्णय गरी यो बर्ष स्थायी तर्फ 44 जना कर्मचारी र करार तर्फ 11 जना कर्मचारीलाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक र करार सेवा शुल्कबाट मिति 2077 असोज देखि 2078 अषाढ सम्म शुरु तलब स्केलको 20% सम्म भुक्तानी गरी जम्मा रु.18,70,521।5 रकम प्रोत्साहन भत्ता वापत खर्च गरेकोमा ऐन नियम वेगर कार्यसम्पादन सुचक नबनाई मिति 2077।05।26 को टिप्पणी आदेशले भुक्तानी गरेका कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १,८७०,५२१ |
| ४५ | | | **मासिक डोर र ज्यालादारी कर्मचारी**<br>**मासिक डोर र ज्यालादारी कर्मचारी** – संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति 2075।10।09 चलानी नं 3079 को परिपत्र मार्फत स्थानिय सरकार संचालन ऐन 2074 को दफा 83 को उपदफा 6 मा स्थानिय तहको सेवा संचालनको लागि अस्थायी दरबन्दि सिर्जना गर्न सकिने छैन भन्ने उल्लेख छ। सोही दफाको उपदफा 8 मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैचे र सरसफाई सम्बन्धि पदमा स्थायी पदपूर्ती नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सोही ऐनको दफा 87 मा उल्लेखित अवस्थाका र माथि लेखिए बाहेकका अन्य पद तथा सेवाका करारबाट पदपूर्ति गर्न पाइनेछैन भन्ने कानुनी व्यवस्था रहेको छ। यस मन्त्रालयबाट मिति 2074।12।14 मा जारी स्थानिय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, 2074 अनुसार करार गरिएको पद वा दरबन्दिमा समायोजन भइ कर्मचारी आएपछि त्यस्तो दरबन्दिमा गरिएको करार स्वत समाप्त हुने कार्यविधि विपरित मासिक डोर, ज्यालादारी वा स्वीकृत दरबन्दि भन्दा बाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब, भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने, यस्तो कार्य प्रचलित कानुन विपरित भइ बेरुजु कायम हुने हुदा बेरुजु भएको उक्त रकम भुक्तानी गर्ने पदाधिकारीबाट असुल उपर हुने व्यहोरा सम्बन्धित सबै स्थानिय तहलाई लेखी पठाउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति 2075।10।08 को निर्णयानुसार भएकोमा यस नगरपालिकाले निम्नानुसार मासिक डोर तथा ज्यालादारीमा कार्य गराइ उल्लेखित कार्यविधि विपरित खर्च लेखेको रु. | ७००,७३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गो.भौ.नं/मिति | विवरण | अवधि | भुक्तानि रकम | | |
| | | | | 32-77/6/1 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 श्रावण-भाद्र | 191592 | | |
| | | | | 73-77/6/30 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 असोज | 106440 | | |
| | | | | 120-77/8/7 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 कार्तिक | 70960 | | |
| | | | | 191-77/9/1 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 मंसिर | 81604 | | |
| | | | | 301-77/10/2 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 पुस | 85152 | | |
| | | | | 391-77/11/3 चालु | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 माघ | 86926 | | |
| | | | | 108-77/12/2 ससर्त | ल्याब असिस्टेन्ट कर्मचारी 4 जना | 2077 फागुन | 78056 | | |
| | | | | | जम्मा | | 700730 | | |
| ४६ | | | **कर्मचारी बैठक भत्ता** | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.१ | | | **न्यायिक समिति वैठक भत्ता** – (गो.भौ.नं/मिति- 152-77/9/3, 492-78/2/24 र 780-78/3/22 नगरपालिका पूँजिगत) - गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, 2075(पहिलो संशोधन समेत)मा न्यायिक समितिमा रहेका सदस्यले मात्र नियमानुसार न्यायिक समितिको बैठक भत्ता पाउने व्यवस्था रहेको छ। देहायका कर्मचारीले न्यायिक समितिको बैठक वापत भुक्तानी लिएको हुँदा कानुनी आधार पेश नभएको रु. | ५६,९५० |

| क्र.सं | कर्मचारीको नाम र पद | वैठक संख्या | वैठक दर | रकम कर बाहेक |
|---|---|---|---|---|
| 1 | न्यायिक समिति कर्मचारी विश्वमणी निरौला | 28 | 1000 | 23800 |
| 2 | न्यायिक समिति कर्मचारी राजेश भट्टराई | 28 | 1000 | 23800 |
| 3 | सुचना संयोजक भुपेन्द्र तिम्सिना | 6 | 1000 | 5100 |
| 4 | कानुनी सल्लाहकार दिपक कुमार राई | 5 | 1000 | 4250 |
| | जम्मा | | | 56950 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.२ | | | **दोहोरो भत्ता** – सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका 2075 को बुँदा नं 20 अनुसार कार्यक्षेत्र भित्रपर्ने नियमित प्रकृतिको काम गरे वापत तलब बाहेको अन्य थप सुविधा एवम् अतिरिक्त भत्ता लिन नपाइने उल्लेख छ। निजामती सेवा नियमावली 2049 ले एउटै काम गरेबापत दोहोरो भत्ता लिन पाउने व्यवस्था गरेको देखिदैन। जनस्वास्थ्य निरीक्षक मुरारी आचार्यले पालिकाको सातौँ नगर सभाले व्यवस्था गरी मिति 2077।05।26 को टिप्पणी आदेशले कर्मचारी प्रोत्साहन भत्ता वापत मासिक रुपमा सुरु तलब स्केलको 20% रकम भुक्तानी लिएकोमा गत विगतको मन्त्रिपरिषद वैठकको निर्णयले कोरोना संक्रमणका बेला फ्रन्ट लाइनमा खटिने कर्मचारी र अन्यलाई जोखिम भत्ता वापत रकम भुक्तानी दिएकोमा एकै जना व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी दिन नमिल्ने हुँदा दोहोरो भत्ता भुक्तानी रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु. | १७,८१५ |

| क्र.सं | कर्मचारीको नाम र पद | प्रोत्साहन भत्ता वापत भुक्तानी भएको रकम 20% (2077 चैत र 2078 बैशाख) | जोखिम भत्ता वापत भुक्तानी भएको रकम 50% (2077 चैत र 2078 बैशाख) | दोहोरो भत्ता कर बाहेक |
|---|---|---|---|---|
| 1 | ज.स्वा.नि. मुरारी आचार्य | 17995 | 35990 | 17815 |
| | | जम्मा | | 17815 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.३ | | | **कर्मचारी वैठक भत्ता** – (गो.भौ.नं/मिति – 17-2077/5/30, 414-77/11/12, 577-78/2/20 न.पा चालु) - स्थानिय सरकार संचालन ऐन 2074 मा कार्यालयको कामको सिलसिलामा विभिन्न किसिमका निर्णय र निर्देशन गर्नका निम्ति नियमित रुपमा आवश्यकता अनुसार कार्यालय समय भन्दा बाहेक वैठक बसी नियमानुसार भत्ता भुक्तानी लिन मिल्ने व्यवस्था भएकोमा कार्यालयले मिति 2077/5/18, 2077/10/18, 2077/10/19 र 2078/2/4 मा का.स.मु मुल्याङ्कन पुनरावलोकन र कर्मचारी पदपूर्ती समितिको वैठक भत्ता वापत भुक्तानी दिदा एकै दिनमा दुइ वटा भन्दा बढी वैठक बसेकोमा सबै वैठक वापत भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु. | २२,५२५ |

| क्र.सं | कर्मचारीको नाम र पद | भुक्तानी भएको वैठक संख्या | भुक्तानी पाउने वैठक संख्या | बढी वैठक संख्या | बैठक दर | रकम कर बाहेक |
|---|---|---|---|---|---|---|
| 1 | जि.स.अ. ध्यान कुमार थापा | 4 | 2 | 2 | 1500 | 2550 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 2 | स.प्र.जि.अ. मुकेश कुमार केशरी | 4 | 2 | 2 | 1500 | 2550 | |
| | | | 3 | प्र.प्र.अ. अम्बिका प्र. धमला | 11 | 6 | 5 | 1500 र 1000 | 5100 | |
| | | | 4 | उपसचिव शालिग्राम काफ्ले | 9 | 6 | 3 | 1000 | 2550 | |
| | | | 5 | शा.अ. विनोद कुमार भण्डारी | 3 | 2 | 1 | 1500 | 1275 | |
| | | | 6 | ज.स्वा.नि मुरारी आचार्य | 10 | 6 | 4 | 1000 | 3400 | |
| | | | 7 | अ.छैटौँ शिवकुमार राई | 10 | 6 | 4 | 1000 | 3400 | |
| | | | 8 | अ.छैटौँ नविन खुलाल | 3 | 2 | 1 | 1000 | 850 | |
| | | | 9 | स.चौथौ शुवास घिमिरे | 3 | 2 | 1 | 1000 | 850 | |
| | | | | जम्मा | | | | | 22525 | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**रितपूर्बकको कर बिजक**

**रितपूर्बकको कर बिजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्वकको कर वीजक बेगर देहायका फर्मबाट देहायका समाना खरिद गरेको छ । तसर्थ उक्त फर्मले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको नियमानुसार नदेखिएको रु.

<table>
<tr><th>गो.भौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>विजक मिति</th><th>कर विजकको अवस्था</th></tr>
<tr><td>145-78/2/17 ससर्त</td><td>तेह्रथुम मौरी तथा कृषि फार्म</td><td>612742659</td><td>मौरी गोला सहित घार 48 थान</td><td>480000</td><td>11/3/2077</td><td>विजक नम्बर नभएको</td></tr>
<tr><td>145-78/2/17 ससर्त</td><td>पारिजात मौरी पालन तथा कुखुरा फार्म</td><td>608423562</td><td>मौरी गोला सहित घार 47 थान</td><td>470000</td><td>11/5/2077</td><td>विजक नम्बर नभएको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>950000</td><td></td><td></td></tr>
</table>

</td><td>९५०,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>

**सुरक्षित नागरिक आवास कार्यक्रम**

**सुरक्षित नागरिक आवास कार्यक्रम** - सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि 2076 (पहिलो संसोधन) अनुसार प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं 3 को लागि आ.व.2076/77 मा स्वीकृत 50 तथा आ.व. 2077/78 मा स्वीकृत 263 को कुल 313 वटा परिवार स्वीकृति भएको मध्ये प्रथम चरणमा 209 परिवारलाई प्रथम किस्ता वापत रु.30,000। का दरले जम्मा रु.62,70,000। निकाशा दिएकोमा कार्य सम्पन्न प्रतिवेदन पेश नभएको रु.

<table>
<tr><th>वडा नं</th><th>छनौट</th><th>पहिलो चरण सिफारिस</th><th>निकाशा</th><th>बैंक</th></tr>
<tr><td>वडा नं 1</td><td>5</td><td>5</td><td>150000</td><td>एन.एम.वि वैंक</td></tr>
<tr><td>वडा नं 2</td><td>44</td><td>23</td><td>690000</td><td>कामना सेवा विकास बैंक</td></tr>
<tr><td></td><td>51</td><td>23</td><td>690000</td><td></td></tr>
</table>

</td><td>६,२७०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं 3 | | | | कुमारी बैंक | | |
| | | | | वडा नं 4 | 50 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | वडा नं 5 | 59 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | वडा नं 6 | 59 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | वडा नं 7 | 42 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | वडा नं 8 | 50 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | वडा नं 9 | 23 | 20 | 600000 | सप्तकोशी विकास बैंक | | |
| | | | | वडा नं 10 | 48 | 23 | 690000 | कुमारी बैंक | | |
| | | | | जम्मा | 431 | 209 | 6270000 | | | |
| ४९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>**प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य, रिटेनिङ्ग वाल, मन्दिर मर्मत, खानेपानी मर्मत, पैनी मर्मत, सिमाना छुट्याउने काम, पुराना भवन भत्काउने काम र विपद व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष 25 वटा योजनामा दर्ता भएका 463 जना श्रमिक मध्ये जम्मा 79 जनालाई कुल 4375 दिन रोजगारी उपलब्ध गराई वार्षिक बजेट रु.97,64,000। रहेकोमा रु.32,19,745। खर्च गरी श्रमिक ज्यालमा रु.22,61,875। मात्र खर्च गरेको छ । लक्षित वर्गलाई रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक वर्ष 2077/78 मा पथरी शनिश्चरे नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत संचालन गरेका योजनाहरुको विवरण निम्नानुसार रहेका छन् – | |

| क्र.सं | योजनाको नाम | ठेगाना | श्रमिक ज्याला | श्रमिक संख्या |
|---|---|---|---|---|
| 1 | हरियाली वनको पोखरीमा रिटेनिङ वाल लगाउने काम | प.श.न.पा – 2 | 289520 | 16 |
| 2 | जलपा सिंहदेवी मन्दिर मर्मत | प.श.न.पा – 2 | 55319 | 15 |
| 3 | खानेपानी विस्तारको लागि माटो खन्ने कार्य | प.श.न.पा – 2 | 69795 | 15 |
| 4 | शिवमार्ग 46 बिघे बाटो खन्ने काम | प.श.न.पा – 2 | 64108 | 15 |
| 5 | थेगिस टोल मुनी बासे पुल मर्मत | प.श.न.पा – 3 | 56353 | 15 |
| 6 | वडा भरीका 9 वटा पैनी मर्मत | प.श.न.पा – 4 | 108570 | 20 |
| 7 | लिम्बु टोलको बाटो मर्मत | प.श.न.पा – 4 | 95645 | 20 |
| 8 | पुपान टोल बाटो मर्मत | प.श.न.पा – 4 | 51700 | 20 |
| 9 | कोशेली चोकबाट वडा कार्यालय जाने बाटोमा नाला खन्ने काम | प.श.न.पा – 4 | 62040 | 20 |
| 10 | किर्तिपुर बजार क्षेत्रमा सरसफाइ तथा आसपासको बाटो मर्मत | प.श.न.पा – 7 | 93577 | 20 |
| 11 | सिमाना छुट्याउने काम | प.श.न.पा – 7 | 15510 | 10 |
| 12 | बुद्ध मा.विको कम्पाउण्ड वाल बनाउने काम | प.श.न.पा – 8 | 33605 | 11 |
| 13 | मिलन प्रा.विको वाल भत्काएर बनाउने काम | प.श.न.पा – 8 | 44462 | 11 |
| 14 | | | 206800 | 11 |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सखुवारा पैनी ढुङ्गा व्यवस्थापन | प.श.न.पा – 8 | | | | |
| | | | | 15 | नयाँ बाटो देखी दोहलु सम्म पैनी सफा गर्ने काम | प.श.न.पा – 8 | 56870 | 10 | | |
| | | | | 16 | डाँस खोलामा स्पर लगाउने काम | प.श.न.पा – 9 | 209385 | 15 | | |
| | | | | 17 | पुरानो स्वास्थ्य चौकी भवन भत्काउने काम | प.श.न.पा – 9 | 122529 | 17 | | |
| | | | | 18 | किरातेश्वर मन्दिर मर्मत | प.श.न.पा – 9 | 38775 | 15 | | |
| | | | | 19 | केचना कुशे पैनी मर्मत | प.श.न.पा – 9 | 129250 | 15 | | |
| | | | | 20 | मोरङ्गी डासँ पैनी मर्मत | प.श.न.पा – 9 | 116325 | 15 | | |
| | | | | 21 | पुरानो प्रहरी चौकी भवन भत्काउने काम | प.श.न.पा – 9 | 107536 | 16 | | |
| | | | | 22 | सिता डाँस पैनी मर्मत | प.श.न.पा – 9 | 64625 | 15 | | |
| | | | | 23 | गुम्बा डाँडा विपत व्यवस्थापन गर्ने काम | प.श.न.पा – 9 | 51700 | 20 | | |
| | | | | 24 | माथिल्लो मोरङ्गी पैनी मर्मत | प.श.न.पा – 10 | 35156 | 7 | | |
| | | | | 25 | माथिल्लो त्रिवेणी पैनी मर्मत | प.श.न.पा – 10 | 82720 | 15 | | |
| | | | | | जम्मा | | 2261875 | | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | 11 | २०७८-३-१९ | **दोहोरो भत्ता**<br>दोहोरो भत्ता - भौ नं ९५१- एकै समयमा अतिरिक्त भत्ता र बैठक भत्ता दोहोरो हुने गरी लिन पाउने प्रावधान देखिदैन । देहोरो भत्ता हुने गरी तथा उपसचिव शालिग्राम काफले रु ४००० र शिक्षा अधिकृत नविन खुलालले रु ४००० बुझेको रकम असुल उपर गर्नु पर्ने रु | ८,००० |
| ५१ | | | **एउटै प्रकृतिको कामका लागि दोहोरो अनुदान**<br>**एउटै प्रकृतिको कामका लागि दोहोरो अनुदान** – कार्यक्रम कार्यान्वयन पुस्तिक 2077/78को 9 क्रियाकलाप नं 2.7.13.13 विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान भित्र रहेको 9.7 मा शिक्षण सिकाइमा आइ.सि.टि. को प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटी इक्युपमेन्ट तथा किट्स खरिद) का लागि प्रति विद्यालय वार्षिक रु.6,50,000। अनुदान दिने व्यवस्था रही गो.भौ.नं/मिति – 91 - 77/11/14 ससर्त बाट सिंहवाहिनी माध्यामिक विद्यालयलाई रु.6,50,000।अनुदान उपलब्ध गराएकोमा पुनः गो.भौ.नं/मिति - 146-78/2/17 ससर्तबाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत तोकिएका विद्यालयहरुमा तोकिएको भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान भनी सिंहवाहिनी माध्यामिक विद्यालयलाई आइ.सि.टि कै लागि रु.650000। अनुदान वापत भुक्तानी दिएकोले एउटै प्रकृतिको कार्यका लागि एउटै विद्यालयलाई दोहोरो अनुदान दिएको रकम नियमित नदेखिएको रु. | ६५०,००० |
| ५२ | | | **स्यानिटरी प्याड**<br>**स्यानिटरी प्याड** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) मा खर्च लेख्दा खर्चको बिल भर्पाइ लगायत खर्चको पुष्टि गर्ने प्रमाण संलग्न राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले स्यानिटरी प्याड वापत ठेक्का मार्फत खरिद गरेकोमा विद्यालयलाई वितरण गरेको भर्पाइ पेश नभएकोले वितरण भर्पाइ पेश गर्नुपर्ने रु. | १,३४२,९८४ |

| गो.भौ.नं/मिति | फर्मको नाम | प्याकेट | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| 212-78/3/20 ससर्त | अप्सरा ट्रेड लिङ्क | 158 प्याकेट | 57890 पिस | 20.53 | 1342984 |
| | जम्मा | | | | 1342984 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | 146 | २०७८-२-१७ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम – ससर्त** – सार्वजनिक खरिद नियमावली, 2064 को नियम 125(2) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। कार्यालयले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तरगत शिक्षामा नविन प्रविधि प्रवर्धन कार्यक्रम अनुदानका लागि आवश्यक पर्ने उपकरणहरु जस्तै स्मार्ट वोर्ड, प्रोजेक्टर तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थाको लागि निम्नानुसार विद्यालयहरुलाई रु.32,50,000। निकाशा दिएकोमा कार्यसम्पन्न तथा अनुगमन प्रतिवेदन पेश नभएकोले प्रमाण पेश हुनु पर्ने रु. | ३,२५०,००० |

| क्र.सं | विद्यालयको नाम | निकासा रकम | कैफियत |
|---|---|---|---|
| 1 | जनता माध्यामिक विद्यालय | 650000 | |
| 2 | सिंहवाहिनी माध्यामिक विद्यालय | 650000 | |
| 3 | भागीरथ माध्यामिक विद्यालय | 650000 | |
| 4 | सुनाखरी माध्यामिक विद्यालय | 1300000 | सिकाइ सामाग्री उपलब्धी अभिवृद्धि रु.650000। |
| | जम्मा | 3250000 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **भुक्तानीमा कर**<br>**भुक्तानीमा कर**– आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले श्री पञ्चायत मा वि लाई कम्प्युटर तालिमबापत भुक्तानीमा पारिश्रमिक कर रु ३२५२९ र अग्रिम आयकर रु ४४०।६७ गरी कूल रु ३२९६९ नियमानुसार लाग्ने कर कट्टी गरेको छैन । तसर्थ, उक्त कर असुल हुनुपर्ने रु. | ३२,९६९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५५ | | | **अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम**<br>**अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम** – प्रदेश चालु - अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रममा रु.19,29,000। विनियोजन भइ रु.17,68,481। खर्च भएकोमा मेडिसिन ट्रेडर्सबाट अल्ट्रासाउण्ड 1 थान रु.4,99,470। मा खरिद भएकोमा प्राविधिक जनशक्ति तालिम नभएकोले जिन्सी दाखिला गरी प्रयोग गरेको पाइएन। यसरी खरिद भएको सामाग्रीलाई प्रयोगमा ल्याई आवश्यक सेवा प्रवाह गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ। | |
| ५६ | | | **खर्च भन्दा बढी रकम भुक्तानी**<br>**खर्च भन्दा बढी रकम भुक्तानी – भौ नं ४०६** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39(10) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकले साना किसान कृषि सहकारी संस्थालाई भुक्तानी गर्दा खर्चको पुष्टि गर्ने प्रमाण बिल भरपाईमा उल्लेख भएको खर्च रकम भन्दा देहायको रकमहरु बढी भुक्तानी भएको रकम रु १०००० असुल उपर गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु | १०,००० |
| ५७ | 145 | २०७८-२-१७ | **प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम**<br>**प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम** – ( ससर्त ) – प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम संचालन म्यानुअल 2077 परिच्छेद 4 परियोजना संभाग कार्यान्वयन प्रक्रियाको बुँदा नं 4.1.4 पकेटको लागि क्षेत्रफल/संख्याको न्यूनतम आधार तालिका 1 मौरी घारसंख्या 300 कार्यक्रम अनुसार पथरी शनिश्चरे मौरी पालन कृषक समूह संग प्रशोधन मेशिन थान 1 को रु.3,50,000। सहित संस्थाबाट रु.8,40,000। र नगरपालिकाबाट रु.10,00,000। सहित रु.18,40,000। को सम्झौता मिति 2077/10/12 मा भएकोमा सम्झौता अनुसारको प्रशोधन मेशिन खरिद वापतको रु.3,50,000। खरिद नगरी थप मौरी घारहरु खरिद गरी कार्यक्रम विपरित भुक्तानी दिएको अनियमित रु. | ३५०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
लागत अनुमानमा समावेश नगरिएको<br>
लागत अनुमानमा समावेश नगरिएको– सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ (क)कुनै पनिनिर्माण कार्य खरिद गर्नुपूर्व नक्सा, डिजाइन तयार गरी स्वीकृत गर्नुपर्ने नियम १०(६) अनुसार लागत अनुमान रत्यस्तो डिजाइन तथा ड्रइङ जाँच्ने व्यवस्था गर्नुपर्ने उल्लेख छ । पालिकाले अधिकांश योजनाको डिजाइन तथा ड्रइङ पेश नगरी लागत अनुमान तयार गरेको पाईयो । लागत अनुमान तयार गर्दा Brick Masonary कार्य मा Plinth level भन्दामाथि Beam, Lintel , Sillband,Tie beam , DPC लाईकटाएर लागत अनुमानमा समावेश गरेको पाईएन ।देहायको योजनाको नापीबाट सो को भुक्तानी कट्टी गरी दाखिला गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>योजनाको नाम</th><th>भुक्तानी पाउनेको नाम</th><th>विवरण</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>हस्पिटल डाक्टर कोठा निर्माण</td><td>हस्पिटल डाक्टर कोठा निर्माण उ स</td><td>Sill band / Lintel 1.31 cum</td><td>११५९३</td><td>१५१८६</td></tr>
<tr><td>वडा नं ८ वडा कार्यालय भवन</td><td>प्रसुराम निर्माण सेवा</td><td>Sill band / Lintel ४ cum</td><td>१००५७</td><td>४०२२८</td></tr>
<tr><td>अधुरो स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण वडा नं १</td><td>एच एम विल्डर्स</td><td>Sill band / Lintel २ cum</td><td>१३५६०</td><td>२७१२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>८२५३४</td></tr>
</table>
</td><td>८२,५३४</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
भेरिएसन आदेश स्वीकृतिबेगर भुक्तानी<br>
भेरिएसन आदेश स्वीकृती वेगर भुक्तानी – सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ अनुसार सार्वजनिक निकायले निर्माण कार्यको ड्रइङ, डिजाइन आदि बदल्नुपर्ने भएमा भेरिएसन आदेश स्वीकृतीका प्रकृया पुरा गरी गर्नुपर्दछ । आधारभूत स्वास्थ्य केन्द्र वडा नं ८ को भवन निर्माणको लागि रु ३८८६९२० रकमको ठेक्का आव्हान भएकोमा सरोवर विल्डर्सको रु ३२२४४२८ भ्याट बाहेक मूल्यको ठेक्का स्वीकृत भएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार हुदाँसम्म रु २५७४३७१ भ्याट बाहेक बराबरको कार्य भएको देखिन्छ । लागत अनुमान भन्दा २०.१६ % घटी कार्य भएको अवस्थामा पनि कार्यसम्पन्न प्रतिवेदन तयार भएको पाइयो । प्रविधिक पुष्ट्याई सहित सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ क (२) अनुसार संसोधित लागत अनुमान तयार गरी स्वीकृत गर्ने तथा भेरिएसन आदेश स्वीकृत गरेर मात्र भुक्तानी दिनु पर्नेमा सो नगरेकोले नियम संगत नदेखिएको रु
</td><td>२,५७४,३७१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **ट्याक कोटबापतको नर्म्स भन्दा बढी भुक्तानी** | १,२३०,११८ |

**ट्याक कोटबापतको नर्म्स भन्दा बढी भुक्तानी-** भौतिक पुर्वाधार मन्त्रालयबाट स्वीकृत सडक सम्बन्धि नर्म्स Standard specification for Roads and Bridge 2073 अनुसार कालोपत्रे सम्बन्धि काम गराउदा Bitumious Layer मा ट्याक कोट परिमाण प्रति वर्ग मि. ०.६० kg का दरले खपत हुनेगरी स्वीकृत भएको तथा कार्यालयले उक्त आइटमकोनर्म्स अनुसार काम हुदै गर्दा दैनिक २ पटक गरेको Tray Test रिपोर्ट बेगर प्रति वर्ग मिटर १ kg का दरले भुक्तानीगरेको देखिएकोले देहाय अनुसार बढी भुक्तानी असुल गर्नुपर्ने रु

| भौचर नं र मिति | योजना \ | निर्माण व्यवसायी | क्षेत्रफल sq.m | लाग्ने परिमाण kg | भुक्तानी परिमाण kg | भुक्तानी दर With VAT | बढी |
|---|---|---|---|---|---|---|---|
| ४२४।२०७८।२।१४ प्रदेश समपुरक | रजत जयन्ती मार्ग कालोपत्रे नयाँ ठेक्का | चक्र निर्माण सेवा | ११८२६ | ७०९२ | ११८२६ | ७९।१ | ३७४४५९ |
| ७८ नगरपालिका पुँजीगत | रजत जयन्ती मार्ग कालोपत्रे ०७६।७७ ठेक्का | कानेपोखरी वि एण्ड वि | ३३३८.७४ | २००३.२४ | ३३३८.७४ | ११८।६५ | १५८४५७ |
| २० र २१४ नगरपालिका पुँजीगत | शनिश्चरे दोहोलु शुक्रबारे सडक कालोपत्रे ०७६।७७ ठेक्का | कानेपोखरी वि एण्ड वि | ४०४१.५१ | २४२४.९ | ४०४१.५१ | ११८।६५ | १९१८१० |
| १४१,२१५ र ३२६ नगरपालिका पुँजीगत | बुद्धमार्ग कालोपत्रे ०७६।७७ ठेक्का | हिमतारा आर के जे भी | ११११८१.२४ | ६७०८.७४ | ११११८१.२४ | ११३ | ५०५३९२ |
| | जम्मा | | | | | | १२३०११८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्च<br>कन्टिन्जेन्सी खर्च –पालिकाले प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ अनुसार २ प्रतिशतमात्र कन्टिन्जेन्सी खर्च गर्न पाइनेमा ३ प्रतिशत कन्टिन्जेन्सी खर्च गरेको छ । उक्त बढी खर्च रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रु
<table>
<tr><th>योजना</th><th>बजेट खर्च कन्टिन्जेन्सी बाहेक</th><th>कन्टिन्जेन्सी खर्च ३ प्रतिशत</th><th>कन्टिन्जेन्सी काटिने २ प्रतिशत</th><th>बढी रकम</th></tr>
<tr><td>रजत जयन्ती मार्ग कालोपत्रे प्रदेश समपूरक</td><td>४०१५४३७</td><td>१२०४६३</td><td>८०३०८</td><td>४०१५५</td></tr>
<tr><td>शनिश्चरे दोहोलु शुक्रबारे सडक कालोपत्रे प्रदेश समपूरक</td><td>४१३१९२३</td><td>१२३९५७</td><td>८२६३८</td><td>४१३१९</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>८१४७४</td></tr>
</table></td><td>८१,४७४</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>नापी किताब<br>नापी किताब–<br>निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबम.ले.प.फा.न.५०३ अनुसार चेनेज, सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हाल सम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६(३) मा वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आह्वान गर्नु हुदैन भन्ने व्यवस्था छ।लेखापरीक्षणको क्रममा नमूना छनोट गरि अध्ययन गर्दा योजनाहरुमापालिकाले योजनाको विस्तृत लागत अनुमान तयार नगरेको, नापी किताब लुज सिटमा राख्ने गरेको, चेनेज तथा अद्यावधिक काम नखुलाएको, योजनालाई टुक्राएर वर्षेपिच्छे खण्ड खण्डमा काम गरेको पाईयो । अघिल्लोबिलसम्मभएकोकामकोपरिमाणनखुलेकोले काममा दोहोरापना भए नभएको यकिन गर्न सकिएन । विस्तृत लागत अनुमान तयार नगर्ने, योजना खण्डीकरण गर्ने र योजनाको नापी किताब स्वीकृत ढाँचाअनुसार नराख्ने प्रवृत्तिमा सुधार हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>एज बिल्ट नक्सा पेश नगरेको</td><td>२३०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **एज विल्ट नक्सा पेश नभएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ । देहायका ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएपछि अन्तिम विलको भुक्तानी दिदाँ ३० दिन भित्र एज विल्ट नक्सा पेश भएको देखिएन । SCC अन्तर्गत GCC 71.2 तथा GCC 56.2 को शर्त अनुसार एज विल्ट नक्सा पेश नगरेकोले अन्तिम भुक्तानीबाट कट्टी गर्नु पर्ने उल्लेख भएको रकम कट्टा गरेको देखिएन ।शर्त अनुसार एज विल्ट नक्सा पेशगर्नुपर्ने रु | |

| योजना | निर्माण व्यवसायी | रकम |
|---|---|---|
| रजत जयन्ती मार्ग कालोपत्रे ०७६।७७ ठेक्का | कानेपोखरी वि एण्ड वि | ५०००० |
| शनिश्चरे दोहोलु शुक्रबारे सडक कालोपत्रे ०७६।७७ ठेक्का | कानेपोखरी वि एण्ड वि | ५०००० |
| बुद्धमार्ग कालोपत्रे हिमतारा आरके जेभी ०७६।७७ ठेक्का | हिमतारा आर के जे भी | ५०००० |
| आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं १ | एच एम विल्डर्स | २०००० |
| आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ६ | एच एम विल्डर्स | २०००० |
| आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ४ | जय भवानी निर्माण सेवा | २०००० |
| आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ८ | सरोबर विल्डर्स | २०००० |
| | जम्मा | २३०००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>कार्यसम्पन्न सम्म पेश्की फछ्र्यौट नगरेको<br>फछ्र्यौट नभएको मोविलाईजेशन पेश्की -सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (५) मा सार्वजनिक निकायले निर्माण व्यवसायीलाई दिएको पेश्की रकम प्रत्येक रनिङ विलबाट कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर देहायका ठेक्का सम्झौतामा अन्तिम बिल भुक्तानी भइसक्दा समेत पेश्की फछ्र्यौट नहुदाँ कार्यसम्पन्न भन्दा बढी भुक्तानी गरेको देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ बमोजिम पेश्कीको म्याद नाघेको मिति देखि बुझाउने मिति सम्मको हिसाब गरी थप १० प्रतिशत सहित असुल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>योजनाको नाम</th><th>भुक्तानी पाउनेको नाम</th><th>कबोल अंक</th><th>पेश्की बाँकी</th><th>पेश्की जमानतको म्याद सकिने मिति</th></tr>
<tr><td>बुद्धमार्ग कालोपत्रे ०७६।७७</td><td>हिमतारा आर के जेभी</td><td>२५९५९४५८</td><td>१५०००००</td><td>२०७७।३।२५</td></tr>
<tr><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ८</td><td>सरोबर विल्डर्स</td><td>३६४१००३</td><td>६४१००</td><td>२०७७।३।२५</td></tr>
<tr><td>आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं ४</td><td>जय भवानी निर्माण सेवा</td><td>३७४३७६७</td><td>१३००००</td><td>२०७७।३।३०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१६९४१००</td><td></td></tr>
</table></td><td>१,६९४,१००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>
PS आइटमको भुक्तानी
PS आइटमकोभुक्तानीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) अनुसार खर्चको विलभरपाई सहित लेखा राख्नु पर्नेमा कार्यालयले विभिन्ननिर्माणव्यवसायीहरुलाई PS आइटममा उल्लेखित कार्यहरुको प्राविधिक नापजाँच तथा वास्तविक विल भरपाईको आधारमा भुक्तानी दिनुपर्नेमा निम्नानुसारको बिलभर्पाइ बेगर भुक्तानी दिएकोले सो रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>विल पेश</th><th>विल भरपाई नभएको</th></tr>
<tr><td>४२४।२०७८।२।१४ प्रदेश समपुरक</td><td>रजत जयन्ती मार्ग कालोपत्रे नयाँ ठेक्का</td><td>चक्र निर्माण सेवा</td><td>Insurance र Material test</td><td>४१५०९</td><td>-</td><td>४१५०९</td></tr>
<tr><td>३०४ र ४२२ प्रदेश समपूरक</td><td>दोहोलु शुक्रबारे सडक कालोपत्रे नयाँ ठेक्का</td><td>चक्र निर्माण सेवा</td><td>Insurance र Material test</td><td>५६५००</td><td>४१७५०</td><td>१४७५०</td></tr>
<tr><td>२३ संघ सशर्त</td><td>बुद्धमार्ग कालोपत्रे हिमतारा आरके जेभी नयाँ ठेक्का</td><td>याक्थुम्हाङ देवीडाडा जे भि</td><td>Insurance र Material test तथा अन्य आइटम</td><td>५००००</td><td>-</td><td>५००००</td></tr>
<tr><td>७८ नगरपालिका पुँजीगत</td><td>रजत जयन्ती मार्ग कालोपत्रे ०७६।७७ ठेक्का</td><td>कानेपोखरी वि एण्ड वि</td><td>अन्य आइटमहरु</td><td>२५०००</td><td>-</td><td>२५०००</td></tr>
<tr><td>२० र २१४ नगरपालिका पुँजीगत</td><td>शनिश्चरे दोहोलु शुक्रबारे सडक कालोपत्रे ०७६।७७ ठेक्का</td><td>कानेपोखरी वि एण्ड वि</td><td>Other items</td><td>५००००</td><td>-</td><td>५००००</td></tr>
<tr><td>१४१,२१५ र ३२६ नगरपालिका पुँजीगत</td><td>बुद्धमार्ग कालोपत्रे ०७६।७७ ठेक्का</td><td>हिमतारा आर के जे भी</td><td>Insurance Material , Other items</td><td>१२५०००</td><td>-</td><td>१२५०००</td></tr>
</table>
</td><td>३०६,२५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | | | | | ३०६२५९ | |
| ६६ | | | **हेभिइक्युपमेन्ट प्रयोग**<br>**हेभी इक्विपमेण्टको प्रयोग**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । उक्त व्यवस्था विपरित निर्माण व्यवसायी मार्फत हेभि इक्युपमेन्ट भाडामा लिएर योजना सञ्चालन गरेको पाईयो ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | | | | | | | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | कार्यसम्पन्न |
|---|---|---|---|
| १३१।२०७७।८।२६ | डाँस वक्राहा सडक स्तरोन्नती उ स | सब बेस तयारी | ९३२६४१ |
| ४२९।२०७८।२।१६ | तित्रीगाछी पश्चिम गोलेगाँउ उत्तर सडक निर्माण उ स | सब वेस तयारी | ७९२६८० |
| ५१२।२०७८।२।२६ | नयाँ सोमबारेबाट वडा कार्यालय जानेबाटो अरबे चोक शुक्रबारे बाटो मर्मत उ स | सब वेस तयारी | ५७२३४९ |
| | जम्मा | | २२९७६७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **उपभोक्ता समिति दर्ता तथा कामको गुणस्तर**<br>**उपभोक्ता समिति दर्ता**— सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ३१३ वटा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ७०९२९४८१भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।<br>**उपभोक्ता समितिबाट भएको कामको गुणस्तर** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।<br>**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **जनसहभागिता योगदान**<br>**जनसहभागीता योगदान** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ ।नगर सभाबाट पारित पालिकाको नीति तथा कार्यक्रम ०७७।७८ को निर्णय नं १० अनुसार सडक, कल्भर्ट, संघ संस्था बाहेकोको अन्य योजनाको हकमा न्यूनतम १५ प्रतिशत जनसहभागिता व्यहोर्नु पर्ने व्यवस्था गरेकोमा सो को पालना नगरी योजनामा घटी जनसहभागीता योगदान गरेको देखिएकोले सम्बन्धित उपभोक्ता समितिबाट उक्त रकम असुल गरी स्थानीय संचितकोषमा दाखिला गर्नु पर्ने रु | ६७,४३४ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | लागत अनुमान | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने १५ % | जनसहभागिता व्यहोरेको | घटी योगदान |
|---|---|---|---|---|---|---|
| ९५४।२०७८।३।२८ | खुल्ला व्यायमशाला निर्माण उ स | १०९६२३१ | १०९६२३१ | १६४४३४ | ९७००० | ६७४३४ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **लागत अनुमान संसोधन**<br>**लागत अनुमान संसोधन** – पथरिशनिश्चरे उपभोक्ता समिति गठन परिचालन र व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६ अनुसार लागत अनुमानका कुनै आइटममा परिवर्तन हुने भएमा लागत अनुमान संसोधन स्वीकृत गरेर मात्र कार्य गराउनु पर्ने उल्लेख छ । पालिकाको उपभोक्ता समितिबाट सञ्चालन गरेकोयोजनाहरुको नमूना परिक्षण गरी हेर्दा योजनाहरुमा वास्तविक लागत अनुमान परिमाण भन्दा विभिन्न आइटमहरुमा घटी तथा बढी कार्य गरी भुक्तानी गरेको तथा संसोधित लागत अनुमान स्वीकृत नगरेको पाईयो । स्वीकृत लागत अनुमान अनुसार कार्यसम्पन्न नगरी आफ्नै हिसाबले योजना सम्पन्न गर्दा कामको गुणस्तर कायम रहने कुरामा विश्वस्त हुन सकिएन । कार्यविधिको पालना हुनुपर्दछ । | |

| उपभोक्ता समिति | लागत अनुमान | कार्यसम्पन्न | समग्रमा घटी कार्य | समग्रमा घटी कार्य प्रतिशत |
|---|---|---|---|---|
| वडा नं ९ र ४ को सिमानामा जरायो टोलमा कल्भर्ट निर्माण उ स | १२३६२०० | १०५१७९७ | १८४४०३ | १४.९ |
| वडा नं ८ र ९ को सिमाना केर्खा टोलमा कल्भर्ट निर्माण उ स | ११२४३२३ | ९३५२७२ | १८९०५० | १६.८१ |
| वडा नं ४ को वडा कार्यालय भवनमा ट्रष्ट निर्माण उ स | ५८२११८ | ५१४०९८ | ६८०१९ | ११.६८ |
| मंगलबारे ट्रान्सफर्मर दक्षिणबाटो मर्मत उ स | १०१२९१३ | १०१२९७० | - | नाला खन्ने कार्य २१% घटी, माटो पुर्ने कार्य ३३% घटी, ग्राभेलको काम ९% बढी गरेको |
| जम्मा | | ३५१४१३७ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>

**अनुपातिक कट्टी**

**अनुपातिक कट्टी** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को १(ख) मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा सम्झौता अनुसार भुक्तानी दिनु पर्ने व्यवस्था छ । तर देहायका उपभोक्ता समितिहरुलाई सम्झौता अनुसारको अनुपातिक कट्टी गरी भुक्तानी गर्नुपर्नेमा गरेको नदेखिएकोले बढी भुक्तानी गरेको रकम असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौचर नं र मिति</th><th>उपभोक्ता समिति</th><th>लागत अनुमान</th><th>कार्यसम्पादन</th><th>उ स को योगदान घटाइ भुक्तानी जाने</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>८०४। २०७८।३। २२</td><td>वडा नं ७ को लामाटोल विष्णु चोक सडकको दुई स्थानमा कल्भर्ट निर्माण उ स</td><td>२४२६३०९</td><td>२४१८९४३</td><td>२०९३६२४</td><td>२१०००००</td><td>६३७५</td></tr>
<tr><td>२२।२०७७। ६।११</td><td>दाताराम लुइटेल स्मृति प्रतिष्ठान उ स</td><td>३३६११४</td><td>३३२३४५</td><td>२९६२३१</td><td>२९१०००</td><td>५२३१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>११६०६</td></tr>
</table>

</td><td>११,६०६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७१</td><td></td><td></td><td>
उपभोक्ता समितिबाट खरिद कार्य<br>
उपभोक्ता समितिबाट मालसामान खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जनसहभागितामूलक एवम श्रममूलक काम उपभोक्ता समिति मार्फत गर्न सकिने, रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने उल्लेख छ । तर उपभोक्ता समितिवाट पालिकाले कुनै मालसामान खरिद, परामर्श वा अन्य सेवा प्राप्त गर्न मिल्ने देखिदैन । यस वर्ष गाउँपालिकावाट निम्नानुसारको खरिद कार्य प्रतिस्पर्धा बेगर उपभोक्ता समिति मार्फत गराएको गराएको देखिएकोले खर्च नियमसम्मत भएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>खरिद सामान</th><th>रकम</th></tr>
<tr><td>९५४।२०७८।३।२८</td><td>खुल्ला व्यायमशाला निर्माण उ स</td><td>व्यायम सामाग्रीहरु</td><td>८८१५९५</td></tr>
<tr><td>८०।२०७७।७।१९</td><td>सिसि क्यामेरा तथा विजुली बत्ती जडान समिति वडा नं १</td><td>सि सि क्यामेरा तथा अन्य विधुत सामाग्री खरिद तथा जडान</td><td>१३८९७८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२२७१३८२</td></tr>
</table>
</td><td>२,२७१,३८२</td></tr>
<tr><td>७२</td><td></td><td></td><td>
बढी भुक्तानी<br>
बढी भुक्तानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा पालिकाले आफनो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनत्तम दररेट तोक्नुपर्ने व्यवस्था छ। कार्यालयले न्यूनतम दररेट जिल्लादररेटकै आधारमा गर्ने निर्णय गरेतापनि ह्यूमपाईपको जिल्ला दर भन्दा वढी दर कायम गरेको छ । कार्यालयले ह्यूमपाईप खरिद कार्यको जिल्ला दररेट भन्दा बढ◌ीको लागत अनुमान तयार गरी खरिद गर्दा निम्न अनुसारको रकम बढीभुक्तानीभएकोलेअसुलहुनुपर्नेरु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>भुक्तानी पाउने</th><th>साईज २.५ मिटर</th><th>परिमाण</th><th>खरिद दररेट प्रति पिस मू अ कर सहित</th><th>जिल्ला दररेट प्रति पिस मू अ कर सहित</th><th>फरक</th><th>वढि भुक्तानी</th></tr>
<tr><td>४२९।</td><td>तित्रीगाछि पश्चिम गोलेगाउ उत्तर</td><td>NP3-६००mm</td><td>१</td><td>१६५३१</td><td>१५०२७</td><td>१५०४</td><td>१५०४</td></tr>
</table>
</td><td>२०,५६५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८।२।१६ | सडक निर्माण उ स | NP3-४५०mm | १ | १३०५१ | ११८६५ | ११८६ | ११८६ | |
| | | | ६६९।२०७८।३।१५ | एकान्तमार्ग निर्माण उ स | NP3-४५०mm | ४ | १३०५१ | ११८६५ | ११८६ | ४७४४ | |
| | | | ३३०।२०७७।१२।१७ | जनता मावि दक्षिण देखि रविचोक अधुरो सडक स्तरोन्नति उ स | NP3-६००mm | ४ | १६५३१ | १५०२७ | १५०४ | ६०१६ | |
| | | | | | NP3-४५०mm | २ | १३०५१ | ११८६५ | ११८६ | २३७२ | |
| | | | ३०३।२०७७।११।२५ | दानावालाको घर मनकामना चोक बाटो स्तरोन्नती उ स | NP3-४५०mm | २ | १३०५१ | ११८६५ | ११८६ | २३७२ | |
| | | | | | NP3-९००mm | १ | २६१०३ | २३७३० | २३७३ | २३७३ | |
| | | | | जम्मा | | | | | | २०५६७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>

**फर्माको काममा बढी भुक्तानी**

**फर्माको काममा बढी भुक्तानी** – सार्वजिनक खरिद नियमावली २०६४ को दफा १० र ११ मा सार्वजनिक निकायले निर्माण कार्य र मालसामान खरिद गर्नु अघि स्वीकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।निर्माण सम्बन्धि नर्म्स अनुसार फर्माको हकमा ६ पटक प्रयोग भइ २५ प्रतिशत साल्भेज भ्यालु रहने मान्यता छ । पालिकाले फर्माको काममा स्वीकृत नर्म्स दर भन्दा बढी दरले भुक्तानी गरेको देखिएकोले असुल गर्नुपर्ने रु.

<table>
<tr><th>भौचर नं र मिति</th><th>योजना</th><th>परिमाण घन मि.</th><th>स्वीकृत दर</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>२६५।२०७७।११।९</td><td>भट्टराई टोल केचना जाने पैनी कल्भर्ट निर्माण उ स</td><td>९४।४३</td><td>२४९।९४</td><td>७६४।७२</td><td>४८६१०</td></tr>
<tr><td>९४१।२०७८।३।२८</td><td>हेल्थपोष्ट पूर्वको सडकमा पूल निर्माण उ स वडा नं ५</td><td>१४०।८६</td><td>२४९।९४</td><td>७६४।७२</td><td>७२५११</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>१२११२१</td></tr>
</table>
</td><td>१२१,१२१</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>

**सोझै खरिद**

**सोझै खरिद**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरुले यो वर्ष विभिन्न निर्माण सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई टुक्राएर
निम्नानुसार सोझै कोटेशनबाट खरिद गरेको नियम संगत नदेखिएको रु.

<table>
<tr><th>भौ नं</th><th>योजना</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१२२।२०७७।८।२३</td><td>नगर अस्पतालमा जिप्सम तथा टायलको काम</td><td>शशि निर्माण सेवा</td><td>४९३७२२</td></tr>
<tr><td>५१५।२०७८।२।२६</td><td>६ र ८ को सिमाना केर्खा खोला पुल साईडमा माटो फिलिङ</td><td>रेटिना कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>४९६१७०</td></tr>
<tr><td>५२४।२०७८।२।२७</td><td>३ र ७ कव सिमाना गोही होली पुल खण्डमा माटो फिलिङ</td><td>हिवा निर्माण सेवा</td><td>४९६१७०</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>४,९४४,२११</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४।२०७८।३।२४ | कृषि वजार वरिपरि फिलिङ तथा पेवल जडान | तपाई हाम्रो कन्सट्रक्सन | ४९४२२५ | | |
| | | | | ६।२०७८।३।२४ | कृषि वजार वरिपरि फिलिङ तथा पेवल जडान | गंगा राम निर्माण सेवा एण्ड ट्रेडिङ प्रा लि | ४९०१५४ | | |
| | | | | २।२०७८।३।२४ | कृषि वजार वरिपरि फिलिङ तथा पेवल जडान | हातेमालो कन्सट्रक्सन | ४९३३०६ | | |
| | | | | २४३।२०७८।३।२४ | शनिश्चरे बजारमा कृषि टहरा निर्माण | मादी आर के डी | ४९९४६८ | | |
| | | | | ९५७।२०७८।३।२८ | कुशे प्रहरी चौकीमा शौचालय तथा भवन निर्माण | पाथिभरा कन्सट्रक्सन | ४९७२२६ | | |
| | | | | ६४९।२०७८।३।१३ | नगरपालिकाको भवन रंगरोगन तथा एसी जडान | न्यू कैलास कन्सट्रक्सन | ४९४७६८ | | |
| | | | | ५८०।२०७८।३।४ | ९ नं वडा कार्यालयमा पेवल जडान तथा कम्पाउण्ड निर्माण | समृद्धी एण्ड श्रीवृद्धि कन्सट्रक्सन | ४८९००२ | | |
| | | | | | जम्मा | | ४९४४२११ | | |
| ७५ | | | **औषधी खरिद**<br>**औषधी खरिद**– सार्वजनिक खरिद नियमावलीको नियम १९ (२)(क) अनुसार रु २०००० भन्दा बढीको मालासामान खरिद गर्दा मू अ करमा दर्ता भएको फर्मबाट मात्र खरिद गर्न पाइने व्यवस्था छ । पालिकाले उक्त नियम विपरीत शिलबन्दी कोटेशनमार्फत सुदिप फार्मेसीबाट रु १८१९०९५ बराबरको औषधी खरिद गरेकोमा उक्त फर्मको भ्याट दर्ता नदेखिएकोले नियमित नदेखिएको रु<br>यस सम्बन्धमा औषधीमा मूल्य अभिवृद्धि कर नलाग्ने तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका औषधी विक्रेता फर्महरु बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्दा न्यून प्रतिस्पर्धा हुने भएकोले मू अ कर दर्ता अनिवर्य नगरिएको कार्यालयको भनाई रहेको छ ।<br>प्राप्त औषधीहरुको सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार छन् -<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | | | | | | १,८१९,०९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **प्रदेश समपूरक अनुदान**<br>**प्रदेश समपूरक अनुदान-** प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ अनुसार प्रदेश समपूरक अनुदान को रकम स्वीकृत योजनामा खर्च गर्नुपर्ने, ठेक्का प्रक्रिया वा इविडिङबाट पारदर्शी तरिकाले गर्नुपर्ने तथा कार्यक्रममा दोहोरो नपर्ने गरी खर्च गर्नुपर्ने व्यवस्था छ ।कार्यविधि अनुसार कोटेशनमार्फत सोझै खरिद गर्न सकिने व्यवस्था गरेको देखिदैन । पालिकाले यस वर्ष प्रदेश समपूरकबाट खर्च हुने गरी रजत जयन्ति मार्ग कालोपत्रे योजनाका लागि रु १७०८९५०१ लागत अनुमान बराबरको ठेक्का आव्हान गरेकोमा न्यून मूल्यांकित चक्र निर्माण सेवाले रु १२४४९९४९ कबोल अंकमा सम्झौता गरी आ व ०७७।७८ सम्म पहिलो रनिङ विल बापतको रु ४०१५४३७ रकम भुक्तानी लगेको देखिन्छ ।आर्थिक वर्षभित्र खर्च नभई बाँकी रकम फ्रिज पठाउनु पर्नेमा पालिकाले सोही योजनामा प्रदेश समपूरक अनुदानबाट नियम विपरीत सोझै कोटेशन मार्फत निर्माण व्यवसायीहरु अघोर कन्सट्रक्सन एण्ड ईन्जिनियरिङ कन्सल्टेन्सीबाट रु ४८८५७४ र जय भवानी निर्माण सेवाबाट रु ३९५९४७ बराबरको सबबेस तयारीको काम गरेको रकम नियम संगत नदेखिएको रु | ८८४,५२१ |
| ७७ | | | **आइटम वाईज भेरिएसन**<br>**आइटम वाईज भेरिएसन -** नेपाल सरकार मिति 2073।3।24 को सचिव स्तर निर्णय अनुसार लागत अनुमान र वि.ओ.क्यु. परिमाण भन्दा बढी परिमाणको आइटम वाइज परिमाणमा फरक परेमा भुक्तानी गर्नु अगाडी अनिवार्य रुपमा भेरिएसन अर्डर तथा रिभाइज लागत अनुमान स्वीकृत गराएर मात्र भुक्तानी गर्ने भनी उल्लेख छ। पालिकाले यस वर्ष सृजना धार्मिक वनमा पर्यटन प्रवर्द्धन कार्य योजनाको लागि मु अ कर सहित रु ६४१८२४२ कबोल गरेकोमा नापी किताव र कार्यसम्पन्न प्रतिवेदनको आधारमा कूल कार्यमा रु ६०२५७०८ मू अ कर सहित (६.२२% घटी) ठेकेदार मादी आर के डी लाई भुक्तानी भएको देखिन्छ । कार्यालयबाट प्राप्त अन्तिम बिल अध्ययन गर्दा विभिन्न आइटममा तोकेको परिमाण भन्दा बढी कार्य भएको जनाइ कबोल अंक भन्दाट्रस निर्माणको कार्यमा रु २०८३२९ ( ९३.३५%),PCC गर्नेमा रु १२९२४३ ( ३७३%) बढी र प्लम कङ्क्रिटको काममारु २००४७५ ( २२%) बढी भुक्तानी भएको तथा माटो खन्ने कार्यमा ३३%,पेवल छाप्ने काम १२.८३% कम गरेको देखियो । आइटम वाइज भेरिएसन तथा संसोधित लागत अनुमान स्वीकृत नगराएको रु. | ५३८,०४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **संघीय सशर्त अनुदान**<br>**संघीय सशर्त अनुदान** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । संघीयसरकार शशर्त विनियोजनबाट प्राप्त रकम खर्च गर्दा बजेट तथा कार्यक्रममा समावेश गरी तोकिएको कार्यक्रम र आधारबाट प्रचलित कानून अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष हसन्द बजार, किर्तीपुर बजार, सोमबारे बजार वडा नं १०, शनिश्चरे बजार वडा नं ९ लगायतको ७ स्थानमा कृषिबजार टहरा निर्माणको लागि नगरसभाबाट कार्यक्रम स्वीकृत गरी रु २५००००० विनियोजन गरेकोमा निर्माण व्यवसायी हातेमालो कन्सट्रक्सन एण्ड सप्लायर्सले रु १८०३७९१ ठेक्का सकार गरेको देखियो । योजनाबाट बाँकी रहने रकम फ्रिज गरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा स्वीकृत कार्यक्रम बेगर सोझै कोटेशन मार्फत मादी आर के डी बाट रु ४९८५४१ रकमको थप टहरा निर्माण गरेको देखिएकोले थप खर्च नियम संगत नदेखिएको रु | ४९८,५४१ |
| ७९ | | | **सामाजिक सुरक्षा तथा संरक्षण** | |
| ७९.१ | | | **सार्वजनिक सुनुवाई** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा ३५ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ७९.२ | | | **सामाजिक सुरक्षा भत्ता बैंक मार्फत** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले आ.व. 2076/77 देखि नै भत्ता वितरणलाई प्रभावकारी बनाउनका लागि अनिवार्य रुपमा बैंङ्क मार्फत भत्ता वितरण गर्नु पर्ने व्यवस्था गरेको छ। कार्यालयले आ.व. 2077/78 मा 10 वटा वडामा सामाजिक सुरक्षा भत्ता वितरण गर्नका लागि8 वटा बैंक मार्फत भत्ता वितरण गरेका छन्। यसरी बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पहिलो र दोश्रो चौमासिक सामाजिक सुरक्षा भत्ता नगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण शाखाले बनाएको लाभग्राहीहरुको विवरणलाई बैंकमा पठाएर सोही विवरणमा उल्लेखित लाभग्राहीको खातामा बैंकले रकम पठाएको छ। तर तेश्रो चौमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्दा पन्जिकरण विभागले लागु गरेको फर्वाड र रिभर्स फिडको आधारमा सिस्टममा दर्ता भएका सम्पूर्ण लाभग्राहीको नाममा भत्ता वापतको रकम बैंकमा गई बैंकमा गएर आफ्नो खाता एक्टिभ गर्ने लाभग्राहीको खातामा वैंकले रकम पठाएको र खाता एक्टिभ नगरेपनी भत्ता पाउन योग्य व्यक्तिको डेमो एकाउन्ट बैंकले खोली रकम उक्त डेमो एकाउन्टमा राखी हाल सम्म पनि खाता एक्टिभ गर्ने क्रम रहेको देखियो। यसरी सामाजिक सुरक्षा भत्ता वितरणको बैंकगत बैंकले दिएको विवरण निम्नानुसार रहेकोमा खाता एक्टिभ गर्न बाकी के कति संख्यामा लाभग्राही र उनीहरुको खातामा के कति रकम रहेको साथै मृत्यु भएको र लगत कट्टा भए पनि बैंकमा नै रहेको रकम बारे कार्यालय र बैंकबाट विवरण प्राप्त नभएकोले यकिन गरी फिर्ता गर्नुपर्ने रकम संघिय बेरुजु खाता 15111 मा फिर्ता गर्नु पर्दछ। – | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **1. सिटिजन्स बैंक / सृजना फाइनान्स लिमिटेड पथरी शाखा (मिति 2078/7/7 को वैंकपत्र)** | |

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 5693337 | 5693337 | 0 |
| दोश्रो | 5849045 | 5849045 | 0 |
| तेश्रो | 6026239 | 6014303 | 11936 |
| | | लगत कट्टा | 44999 |
| | | जम्मा फिर्ता रकम | 56935 |

**2. एनआइसी एसिया बैंक लिमिटेड पथरी शाखा (मिति 2078/6/19 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 5255117 | 5285317 | -30200 |
| दोश्रो | 5233271 | 5265871 | -32600 |
| तेश्रो | 5573368 | 5513168 | 60200 |
| | | जम्मा फिर्ता रकम | 15000 |

नोट - गत आर्थिक वर्षको सामाजिक सुरक्षा भत्ताको रकम रु.17600। पनि माथिको फिर्ता रकममा समावेश गरिएको

**3. प्रभु बैंक लिमिटेड पथरी शाखा (मिति 2078/7/7 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| | 4311652 | 4311652 | 0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| प्रथम | | | |
| दोश्रो | 4529362 | 4529362 | 0 |
| तेश्रो | 4548400 | 4499400 | 49000 |
| मेनेजर चेक | | | 31339 |
| जम्मा फिर्ता गर्न बाकी रकम | | | 123480 |

**4. एक्सेल डेभलेपमेन्ट बैंक लिमिटेड शनिश्चरे शाखा (मिति 2078/6/14 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 7635909 | 7635909 | 0 |
| दोश्रो | 7766661 | 7766661 | 0 |
| तेश्रो | 8186000 | 8086000 | 100000 |
| लगत कट्टा | | | 33637 |
| जम्मा फिर्ता रकम | | | 68752 |

**5. सप्तकोशी डेभलेपमेन्ट बैंक लिमिटेड शनिश्चरे शाखा (मिति 2078/6/14 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 5664819 | 5651651 | 13168 |
| दोश्रो | 5827053 | 5800449 | 26604 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| तेश्रो | 6067974 | 5965189 | 102785 |

पहिलो किस्ता र अघिल्लो किस्ता गरी रु.13168 + रु.48000= रु.53168 रकम चेक मार्फत फिर्ता गरिएको र हाल बाँकी रकम रु.26604 + रु.102785 = 129389

**6.एनएमबी बैंक लिमिटेड पथरी शाखा (मिति 2078/6/14 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 14375224 | 14365630 | 9594 |
| दोश्रो | 14689184 | 14689184 | 0 |
| तेश्रो | 15497793 | 15352973 | 145000 |
| मृत्यु वापत जम्मा र भुक्तानी गरेवापत सा.सु भुक्तानी बाँकी | | | 162600 |

एमसी चेक नं 7000003139 बाट रु.9594 भुक्तानी भएको र तेश्रो किस्ताको रकम खाता खोल्न बाँकी रहेको छ।

**7. ज्योती विकास बैंक लिमिटेड पथरी शाखा (मिति 2078/7/7 को वैंकपत्र)**

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 11933022 | - | - |
| दोश्रो | 12061534 | - | - |
| तेश्रो | 13045851 | - | - |
| जम्मा | 37040407 | 36637977 | 402430 |
| जम्मा फिर्ता रकम | | | 402430 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **8. कुमारी वैंक लिमिटेड पथरी शाखा (मिति 2078/6/18 को वैंकपत्र)** | |

| किस्ता | प्राप्त रकम | भुक्तानी भएको रकम | बाकी रकम रु. |
|---|---|---|---|
| प्रथम | 5700768 | 5700768 | 0 |
| दोश्रो | 6054606 | 6054606 | 0 |
| तेश्रो | 6264187 | 6256187 | 8000 |
| लगतकट्टा भएको | | 51716.22 | |
| लगतकट्टा हुन बाकी | | | 52691 |
| जम्मा फिर्ता रकम | | | 60691 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९.३ | | | **रकम फिर्ता भएको विवरण** – पालिकाबाट सामाजिक सुरक्षा भत्ता वापत भुक्तानी भएको रकम मध्ये फिर्ता भएको रकमको विवरण निम्नानुसार रहेको छ।<br>1. पालिकाको मिति 2077/9/12 (च.नं 1626) र 2077/9/13 (च.नं 1646) को पत्रले विभिन्न बैंकबाट आर्थिक वर्ष 2077/78 को सामाजिक सुरक्षा भत्ता वितरण वापतको रकम मेनेजर चेकबाट फिर्ता भइ कोलेनिका मोरङ्गको खातामा निकासा फिर्ता भएको रकमको विवरण निम्नानुसार रहेको छ –<br><table><tr><td>क्र.सं</td><td>बैंकको नाम</td><td>फिर्ता रकम</td></tr><tr><td>1</td><td>एन आइ सि एसिया बैंक पथरी</td><td>7900</td></tr><tr><td>2</td><td>एन एम बि बैंक पथरी</td><td>58562</td></tr><tr><td>3</td><td>ज्योती विकास बैंक पथरी</td><td>220171</td></tr><tr><td>4</td><td>एक्सेल डेभलपमेन्ट बैंक शनिश्चरे</td><td>68452</td></tr><tr><td>5</td><td>सप्तकोशी विकास बैंक शनिश्चरे</td><td>53168</td></tr><tr><td></td><td>जम्मा</td><td>408253</td></tr></table><br>2. मिति 2078/7/15 गते संघिय संचित कोषको बेरुजु खाता 15111 मा दाखिला नं 410911 बाट रु.1,94,437।77 रकम फिर्ता भएको छ।<br><br>3. मिति 2078/8/6 को एन एम बि बैंक पथरी शाखाले आ.व.2077/78 को सामाजिक सुरक्षा भत्ता वितरण भइ बढी भएको तथा मृत्यु भएका व्यक्तिबाट फिर्ता भएको रकम रु.1,46,818।मिति 2078/8/9 मा कोष तथा लेखा नियन्त्रक कार्यालयमा दाखिला फारम नं 410914 बाट बेरुजु खातामा फिर्ता भएको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९.४ | | | **निरीक्षण तथा अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन पालिका स्तरीय अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८० | | | **आय ठेक्का र मू.अ.कर** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.१ | | | **आय ठेक्कामा मू.अ.करः** मूल्य अभिवृद्धि ऐन २०५२ तथा नियमावली २०५३ बमोजिम आय ठेक्का कवुल गर्ने व्यवसायी तथा संस्थाले आफुले कवुल गरेको रकममा १३ प्रतिशतका दरले मू.अ.कर दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका आय ठेक्काका व्यवसायी तथा समितिले मू.अ.कर वापतको रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु. | ६९,९०२ |

| ठेक्काको विवरण | संकलन कर्ताको नाम | कवुल रकम | मू.अ.कर रकम |
|---|---|---|---|
| कुशल बजार पशुहाट | कुशल बजार व्यवस्थापन समिति | ३२९८६५ | ४२८८२.४५ |
| पथरी बजार | पदम बहादुर राई | १५३४५० | १९९४८.५० |
| हसनदह बजार | भुटाई खत्वे | ९००० | ११७० |
| किर्तिपुर बजार | पंचमाया पिठकोटे | २३४०० | ३०४२ |
| सोमबारे बजार | शंकर प्रसाद साह | ८००० | १०४० |
| शनिश्चरे बजार | धन कुमार राई | १४००० | १८२० |
| जम्मा | | | ६९९०२.९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८०.२ | | | आर्थिक विवरण तथा कागजातः आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९(३) बमोजिम जिम्मेवार व्यक्तिले कार्यालयको आर्थिक विवरण (financial information) को ढाँचा महालेखा नियन्त्रकको सिफारिसमा महालेखापरीक्षकले स्वीकृत गरे बमोजिम राखेको हुनु पर्दछ । पालिकाले वडा नं. १ मा रहेका ११ वटा सटर भाडामा दिने गरी २०७५।४।१ देखि २०७७ आषाढ मसान्त सम्म मात्र सम्झौता भएकोमा आ.व. २०७७।७८ को लागि सम्झौता नवीकरण गराएको पाइएन । सम्झौताको शर्तमा प्रत्येक २ वर्षमा १० प्रतिशत वृद्धिहुने व्यवस्था भएकोमा निम्नानुसारका सटर भाडामा लिएका व्यक्तिहरुले थप १० प्रतिशत सहित रकम नबुझाएकोले छुट भएको रकम यकिन गरी असुल गर्नुपर्दछ । | |

| सटर भाडामा लिने व्यक्तिको नाम | सम्झौता रकम |
|---|---|
| सारदा बस्नेत | ९५०४ |
| लाक्पा तामाङ | ९५०४ |
| छत्र बहादुर बराल | ९५०४ |
| दुर्गा प्रसाद अधिकारी | ९५०४ |
| सिता पौडेल | ६५०० |
| टिका राम | ६५०० |
| भुपाल कार्की | ६५०० |
| रेखा देवी चौधरी | ५००० |
| नारायण अधिकारी | ५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **मु.अ.कर समायोजन बेगर धरौटी फिर्ता**<br>**मु.अ.कर समायोजन – धरौटी -** सार्वजनिक खरिद नियमावली 2064 को नियम 124.2 मा कार्यालयले निर्माण लगायतका खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनी फिर्ता गर्दा पालना गर्नुपर्ने सर्तहरु तोकिएका छन् भने आन्तरिक राजश्व विभागको परिपत्र अनुसार सम्बन्धित वर्षको कर चुक्ता प्रमाणको अतिरिक्त मुल्य अभिवृद्धि कर समायोजन समेत भएको अवस्थामा मात्र धरौटी फिर्ता गर्न मिल्ने व्यवस्था भएकोमा कार्यालयले निम्नानुसारका फर्म वा निर्माण सेवालाई विभिन्न कार्यको सिलसिलामा राखेको धरौटी रकम फिर्ता गर्दा नियमानुसार मु.अ.कर/कर चुक्ता वा समायोजन भएको पत्र वेगर धरौटी फिर्ता गरेकोले प्रमाण पेश हुनुपर्ने रु. | ४,६९३,७२५ |

| गो.भौ.नं/मिति | फर्मको नाम | रकम |
|---|---|---|
| 6-77/6/12 | वि.एण्ड.वि कन्स्ट्रक्सन प्रा.लि | 122000 |
| १३-77/6/1६ | जय भवानी निर्माण सेवा | 171787 |
| 54-77/9/27 | साह/श्री कृष्ण जे.भि | 968193 |
| 48-77/9/21 | जय भवानी निर्माण सेवा | 446718 |
| 49-77/9/21 | जय भवानी निर्माण सेवा | 74308 |
| 176-78/3/16 | जय भवानी निर्माण सेवा | 291852 |
| 179-78/3/31 | काविल कन्स्ट्रक्सन एण्ड सप्लायर्स कम्पनी | 2618867 |
| | जम्मा | 4693725 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८२</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 84 मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा 84(2)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।</td><td></td></tr>
<tr><td>८३</td><td></td><td></td><td>अद्यावधिक बेरुजुको स्थिति<br>अद्यावधिक वेरुजु - यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू<br>(E=A-B+C+D)</th></tr>
<tr><td>६६६३०</td><td>०</td><td>१५४२९७</td><td>०</td><td>२२०९२७</td></tr>
</table>
(रु. हजारमा)</td><td></td></tr>
</table>